# प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन

त्रिभुवन विश्व विद्यालय,शिक्षा शास्त्र सङ्काय,शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोतर तह (एम.एड.) दोस्रो वर्षको आशिक आवश्यकता परिपूर्तिका लागि

प्रस्तुत शोधपत्र


शोधकर्ता

पशुपति लाल गणेश

क्याम्पस रोल न. ७६

त्रि.वि.दर्ता न. ४६७२-८३

परीक्षा रोल न. २०४००७५/०६९



**कनकाई बहुमुखी क्याम्पस**

**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**

**सुरुङ्गा, झापा**

**२०७२**

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/०९/१६

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **पशुपति लाल गणेशले** मेरो प्रत्यक्ष निर्देशनमा **प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(आशा शर्मा सिवाकोटी)
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

**कनकाई बहुमुखी क्याम्पस**

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

च.नं.

प.सं.

मिति : २०७२/१०/०५

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **पशुपति लाल गणेशले प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन** शीर्षकमा तयार पारेको शोधपत्र शोध मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| | |
|---|---|
| १. उप-प्रा. आशा शर्मा सिवाकोटी<br>विभागीय प्रमुख | .................................... |
| २. आशा शर्मा सिवाकोटी<br>शोध निर्देशक | .................................... |
| ३. उप-प्रा. शेषराज अधिकारी<br>बाह्य परीक्षक | .................................... |

# कृतज्ञता

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय अर्न्तगत स्नातकोतर तह (एम.एड.) द्वितीय वर्षको पाठ्यक्रम Ed. 598 को प्रयोजनका लागि तयार पारिएको हो । प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वियन शीर्षकमा शोधपत्र तयार गर्ने क्रममा शुरु देखि नै निरन्तर रुपमा निर्देशन र सहयोग गर्नु भएकोमा विभागीय प्रमुख तथा शोध निर्देशक आशा शर्मा शिवाकोटीज्यू प्रति आभार प्रकट गर्दछु ।

यसैगरी टाघनडुब्बा श्रोतकेन्द्र अर्न्तगतका विभिन्न विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कनको अवस्था बारेमा जानकारीहरु उपलब्ध गराई सहयोग गर्न हुने यस श्रोतकेन्द्रका श्रोतव्यक्ति मेदनी प्रसाद पाठकलाई धन्यवाद दिन चाहन्छु । यस शोधपत्र तयार गर्ने क्रममा विभिन्न विद्यालयका प्रधानाध्यापकहरु, व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षकहरु, अभिभावकहरु र विद्यार्थीहरुले आफना विद्यालयका निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तथ्याङ्क, सूचना र निरन्तर मूल्याङ्कन कार्यान्वयनको यर्थाथ अवस्था बारे जानकारी प्रदान गर्नु भएकोमा हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु । यस शोध कार्यमा सहयोग गर्ने विभिन्न विद्यालयका कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु । साथै शोध कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सहयोगीलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा यो शोधपत्र तयारी गर्ने क्रममा कम्प्यूटर सम्बन्धी व्यवस्था मिलाई सहयोग गर्न हुने मेरा साथीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

पौष २०७२

पशुपति लाल गणेश

# शोधसार

प्रस्तुत शोधपत्र कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापा शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अर्न्तगत स्नातकोतर तह, एम.एड.दोस्रो वर्षको शिक्षा कोड न. ५९८ को आवश्यकता पूर्तिको निम्ति प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वियन शीर्षकमा केन्द्रित भएर अध्ययन गरिएको छ । यस शोधको मुख्य उदेश्य प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वियनको अवस्था विश्लेषण गरी निरन्तर मूल्याङ्कनको प्रयोगमा देखिएका समस्याहरु पहिचान गरी ती समस्याहरुको समाधानका लागि प्रभावकारी उपायहरु पता लगाउनु रहेको छ ।

यस शोधपत्रलाई वर्णनात्मक विधि अपनाई गुणात्मक र सख्यात्मक ढाँचाबाट विश्लेषण विधि प्रयोग गरी मिश्रित ढाँचा अपनाईएको छ । यस शोधका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वियन भएका ६ वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा छनौट गरी प्रत्येक विद्यालयबाट एक जना प्रधानाध्यापक, २ जना शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका १ जना अध्यक्ष, २ जनाका दरले अभिभावक र २ जना विद्यार्थी तथा सम्बन्धित विद्यालयका श्रोतव्यक्तिलाई नमूना जनसंख्याको रुपमा छनौट गरिएको छ । यस अनुसन्धानमा नमूना छनौटका लागि संयोगमा आधारित विधि अर्न्तगत अर्थात २० वटा विद्यालय मध्ये गोला प्रथाबाट ६ वटा विद्यालयहरु छनौट गरिएको छ ।

यस अनुसन्धानमा विद्यालयका प्र.अ., विद्यार्थी, अध्यक्ष, श्रोतव्यक्ति तथा विद्यालयका अभिलेखहरुलाई प्राथमिक स्रोतका रुपमा प्रयोग गरिएको छ भने अध्ययनको क्रममा आवश्यक पर्न सक्ने विभिन्न पुस्तक, विद्यालय निरिक्षण पुस्तिका, शिक्षक स्टाफ पुस्तिका, विद्यालय व्यवस्थापन समिति बैठक पुस्तिकाका निर्णयहरु, विद्यार्थी उपस्थिती अभिलेख तथा अन्य सर्न्दभ सामाग्रीहरुको समेत प्रयोग गरिएको छ । अनुसन्धानका लागि सूचनाहरु संकलन गर्न खुल्ला प्रश्नावलीका साथै बन्द प्रश्नावली पनि प्रयोग गरिएको छ, जसमा प्र.अ.का लागि १० वटा, शिक्षकका लागि १० वटा, विद्यार्थीका लागि १० वटा, श्रोतव्यक्तिका

*लागि ५ वटा, वि.व्य.स.का अध्यक्षका लागि ५ वटा प्रश्नका आधारमा अर्न्तवार्ता लिइएको छ ।*

*प्रस्तुत शोधपत्र वर्तमान अवस्थामा प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग,अवस्था र स्थितिमा केन्द्रित रहेको छ । यस अध्ययनमा शैक्षिक सत्र २०६९ र २०७० सालको नमूना छनौटमा परेका विद्यालयका सिकाइ उपलब्धि र विद्यार्थी नियमिततालाई तुलनात्मक रुपमा विश्लेषण गरिएको छ । साथै निरन्तर मूल्याङ्कनको कार्यान्वयनमा देखिएका समस्याहरु केलाई समस्या समाधानका उपायहरु सुझाउने प्रयास गरिएको छ ।*

*निर्ष्कषमा प्राथमिक तह निरन्तर विद्यार्थी मूल्याङ्कनको सफल र प्रभावकारी कार्यान्वयनका लागि नीति निर्माण तर्फबाट सरकारले, स्थानीय तहबाट विद्यालय, समिति र अभिभावकले यस पद्धतिमा प्रत्यक्ष सम्लग्न रहने शिक्षकले इमान्दारीपूर्वक महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने जस्ता सिफारिसहरु यस अध्ययनमा समावेश गरिएका छन ।*

# विषय सूची


| क्र.स. | शीर्षक | पृष्ठ |
|---|---|---|
| | सिफारिस पत्र | |
| | स्वीकृति पत्र | |
| | कृतज्ञता | |
| | शोधसार | |
| | **परिच्छेद एक : परिचय** | १-१२ |
| १.१ | अध्ययनको पृष्ठभूमी | १ |
| १.२ | समस्याको कथन | ८ |
| १.३ | अध्ययनको औचित्य | ९ |
| १.४ | अध्ययनको उदेश्य | १० |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | १० |
| १.६ | अध्ययनको सिमाङ्कन | ११ |
| १.७ | शब्दावलीको अर्थ र परिभाषा | १२ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन** | १३-१९ |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | १३ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १७ |
| २.३ | शैक्षिक उपादेयता | १८ |
| | **परिच्छेद तीन : अध्ययनको विधि** | २०-२३ |
| ३.१ | अनुसन्धान ढाँचा | २० |
| ३.२ | जनसंख्या र नमूना | २० |
| ३.२.१ | जनसंख्या | २० |
| ३.२.२ | नमूनाको आकार | २१ |
| ३.२.३ | नमूना छनौट प्रकृया | २१ |
| ३.३ | तथ्याङ्कको स्रोत | २१ |
| ३.४ | तथ्याङ्क संकलनका साधनहरु | २२ |

३.५ तथ्याङ्क संकलन प्रकृया २२

३.६ तथ्याङ्क विश्लेषण प्रकृया २२

**परिच्छेद चार : नतिजाको छलफल र व्याख्या** २४-४३

४.१ निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनको अवस्था २४

४.२ निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रयोगमा देखिएका समस्याहरू ३२

४.३ निरन्तर विद्यार्थीमूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाउने उपायहरू ३४

४.४ प्राप्ति ३६

**परिच्छेद पाँच : निर्ष्कष र सुझाव** ४४-४९

५.१ निष्कर्ष ४४

५.२ सुझाव ४६

५.२.१ नीतिगत तह ४७

५.२.२ कार्यान्वयन तह ४८

५.२.३ सरोकारवालालाई सुझाव ४९

सन्दर्भ सामग्री

अनुसूची

# तालिका सूची


तालिका १ : जनसंख्या विवरण २१

तालिका २ : विद्यालयगत विद्यार्थी विवरण र कक्षागत उपलब्धि २६

तालिका ३ : प्राथमिक तहको सिकाइ उपलब्धिको विवरण २६

तालिका ४ : प्राथमिक तहको कक्षा ३ को सिकाइ उपलब्धिको विवरण २७

तालिका ५ : प्राथमिक तहको विद्यार्थी उपस्थितीको विवरण

२८

तालिका ६ : प्राथमिक तह कक्षा १ को सिकाइ उपलब्धिको विवरण २८

तालिका ७ : प्राथमिक तहको विद्यार्थी उपस्थितीको विवरण

२९

तालिका ८ : प्राथमिक तहको विद्यार्थी सहभागिताको स्थिति ३०

तालिका ९ : कक्षा ५ को उर्तीण विद्यार्थीहरुको प्राप्ताङ्क र प्रतिशत ३१

तालिका १० : निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा देखिएका समस्याहरु ३३

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

सामान्य अर्थमा मूल्याङ्कन भनेको कुनै पनि वस्तुको परिणात्मक लेखाजोखा गर्नु, गुणको मूल्य निर्धारण गर्नु, कुनै पनि कार्यक्रमको प्रभावकारीता पता लगाउनु वा उद्देश्य अनुसार सिकाइ उपलब्धि प्राप्त भयो भएन भनेर निर्धारण गर्ने कार्य हो । मूल्याङ्कन बिधाथीको प्रगति तथा सम्पुर्ण शैक्षिक क्रियाकलापको उपलब्धि जाँच्ने वा लेखाजोखा गर्ने प्रक्रिया हो । मूल्याङ्कन पाठ्यक्रमको महत्वपूर्ण तत्व हो । मूल्याङ्कनको माध्यमबाट तोकिएको उद्देश्यहरूविद्यार्थीहरूले के कति हासिल गरे भनी लेखाजोखागर्ने कार्य हुन्छ । मूल्याङ्कन शिक्षण क्रियाकलाप सँगसँगै आउने भएको हुनाले यसलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा मानिन्छ । मुख्य रुपमा शिक्षण प्रक्रियामा सुधार गर्नु यसको मूल उद्देश्य हो ।

नेपालमा मानव सभ्यताको शुरुवात सँगै शिक्षाको शुरुवात भएको पाइन्छ भने शिक्षाको शुरुवातसँगै मूल्याङ्कन गर्ने परिपाटी चलेको पाइन्छ । नेपालमा शिक्षाको विकास तथा मूल्याङ्कन गर्ने औपचारिक चलनको इतिहास त्यति लामो नभए पनि अनौपचारिक रुपमा मूल्याङ्कन गर्ने चलन शिक्षाको शुरुवातसँगै भएको पाइन्छ । नेपालको प्राचीन कालमा अर्थात राणा काल आउनु भन्दा अगाडी गुरुकूल शिक्षा प्रणाली र बौद्ध शिक्षाको चलन रहेको थियो । त्यस समयमा सिकारुहरूको मूल्याङ्कन अनौपचारिक रुपमा धर्म र दर्शनका श्लोकहरू कण्ठ गरेर सुनाउनु पर्ने व्यवस्था रहेको थियो । राणा कालमा राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले वि.स. १९०७ मा बेलायतको यात्रा गरेपछि त्यहाँको शिक्षाको विकास देखि अङ्ग्रेजी शिक्षाबाट ज्यादै प्रभावित भएर आफ्ना सन्तानहरूलाई अङ्ग्रेजी शिक्षा दिन वि.स. १९१० मा दरबार स्कूलको स्थापना गरे । दरबार स्कूलको स्थापना भएपछि शिक्षातर्फको व्यवस्थापन मिलाउन वि.स. १९१५ मा शिक्षा विभाग र शिक्षा निर्देशकको व्यवस्था भयो । यस समयमा विद्यार्थीहरूको मूल्याङ्कन गर्न औपचारिक रुपमा जाँच लिन थालियो ।

समाजको विकासको क्रममा समाजको माग अनुसार निजी प्रयासहरूबाट विद्यालयहरू खुल्न थालेकोले विद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कानुनी प्रक्रिया स्वरुप वि.स. १९९६ मा शिक्षाको इस्तिहार जारी गरीयो । यस इस्तिहारमा विद्यार्थीलाई उनीहरूको योग्यताको आधारमा कक्षामा भर्ना गर्ने, एउटै कक्षामा ३ पटकसम्म असफल भएमा विद्यार्थी नाम भर्ना पुस्तिकाबाट काटिदिने, २ पटकसम्म विद्यार्थीले जाँचमा पाएको अङ्कको अभिलेख राख्नुपर्ने, परीक्षाको नतिजाबारे अभिभावकलाई जानकारी दिने व्यवस्था गर्नुपर्ने जस्ता प्रावधानहरू राखिएका थिए । (शर्मा एण्ड शर्मा, २०६५ )

वि.स. २००७ सालको राजनैतिक परिवर्तन पछि प्रजातान्त्रिक वातावरणमा शिक्षाको व्यवस्था गर्न वि.स. २००९ सालमा सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा राष्ट्रिय शिक्षा योजना आयोगको गठन भई उक्त आयोगले नेपालमा शिक्षा २०११ नामक प्रतिवेदन प्रस्तुत गर्‍यो ।उक्त प्रतिवेदनमा शैक्षिक मूल्याङ्कन पद्धतिलाई व्यवस्थित बनाउन निकै प्रयासहरू भएको पाइन्छ । जस अनुसार विद्यार्थीहरूको प्रगतिको मूल्याङ्कन नियमित रुपमा गर्नुपर्ने, विद्यार्थीहरूको मूल्याङ्कन परीक्षा, मौखिक अभिव्यक्ति, विशेष योजना बनाई प्रयोगशालामा प्रर्दशन गर्नुपर्ने, कागजी परीक्षा भन्दा अन्य अनौपचारिक मूल्याङ्कनका विधिहरूमा जोड दिनुपर्ने जस्ता सिफारिसहरू गरिएको पाइन्छ । (नेपालमा शिक्षा २०११ )

यस प्रतिवेदनले विद्यार्थीको निरन्तर मूल्याङ्कन हुनुपर्ने, सिकारुको शारीरिक, मानसिक, सामाजिक, सबै पक्षको मूल्याङ्कन गरिनु पर्ने, विद्यार्थीहरूको उपलब्धिबारे अभिभावकलाई जानकारी गराउनु पर्ने जस्ता महत्वपुर्ण सुभावहरू दिएको पाइन्छ । यसले विद्यार्थी कमजोर पक्षहरू पता लगाई सुधारात्मक शिक्षण गरीसिकाइ उपलब्धिमा सुधार गर्नुपर्ने सुझाव प्रस्तुत गरेको छ ।

वि.स. २०१७ साल पञ्चायती व्यवस्थाको प्रार्दुभाव भएपछि व्यवस्था अनुकूल शिक्षा प्रणाली तथा मूल्याङ्कन पद्धति लागु गर्न वि.स. २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन भई यसले २०१८ सालमै आफ्नो प्रतिवेदन पेश गर्‍यो । यस रिर्पोटले शिक्षा पद्धतिमा ब्यापक परिवर्तन गर्नुको साथै मूल्याङ्कन प्रक्रियामा पनि सुधार गर्‍यो । यस रिर्पोटले मूल्याङ्कनका विभिन्न प्रक्रियाहरूको प्रयोग गर्नुपर्ने, कक्षा कार्य वाहेक अतिरिक्त क्रियाकलाप, चरित्र, आचार विचार

लगायत विषयमा समेत मूल्याङ्कन हुनुपर्ने सुझाव दिएको छ । सबै विद्यार्थीहरूको सञ्चित अभिलेख राख्नुपर्ने, एस.एल.सी. परीक्षामा आन्तरिक अङ्क समेत जोडिने, आवधिक परीक्षाको आधारमा पास फेल गर्नुपर्ने, सामाजिक सेवा जस्ता अन्य पक्षहरू समेत संलग्न गराई शिक्षण क्रियाकलापमा जोड दिनुपर्ने जस्ता सुझावहरू यस रिर्पोटले दिएको पाइन्छ ।

नेपालको शिक्षा विकासको क्रममा वि.स. २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाको महत्वपूर्ण स्थान रहेको छ । यस नयाँ शिक्षा योजना आयोगले देशभर एउटै राष्ट्रिय पाठ्यक्रम लागू गर्ने कार्यको थालनीगऱ्यो । यस योजनाले विद्यालयस्तरको मूल्याङ्कन पद्धतिमा व्यापक सुधार गऱ्यो । यस योजनाले आन्तरिक मूल्याङ्कन प्रणालीमा सुधार गर्न प्रत्येक पाठको अन्त्यमा विद्यार्थीहरूले बुझेका छन वा छैनन् भनी मूल्याङ्कन गर्न त्रैमासिक परीक्षा लिने व्यवस्थागर्ने, शिक्षकले विद्यार्थीहरूको प्रगति विवरण राख्ने, प्राथमिक तहको अन्तमा जिल्ला शिक्षा कार्यालयले जिल्ला स्तरीय, निम्न माध्यमिक विद्यालय तहको अन्तमा अञ्चलस्तरीय र एस.एल.सी. को टेष्ट परीक्षा जिल्ला स्तरीय हुने परीक्षा नियन्त्रण कार्यालयमा सुधार अनुसन्धान शाखा गठन हुने, कक्षा ८ देखि विद्यार्थीहरूको रजिष्ट्रेशन रेकर्ड राख्ने आदि व्यवस्था गरिएको थियो । (राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८-२०३२)
नेपालको शैक्षिक इतिहासमा महत्वपूर्ण स्थान ओगटेको यस योजनाको सिफारिस बमोजिम प्रत्येक ३ महिनामा त्रैमासिक परीक्षा लिने, प्राथमिक तहको अन्तमा जिल्ला स्तरीय, नि.मा.वि.तहको अन्तमा अञ्चलस्तरीय परीक्षा लिने परिपाटीको शुरुवात भएको पाइन्छ ।

वि.स. २०४६ सालको जनआन्दोलन पश्चात् देशमा प्रजातन्त्रको पुर्न स्थापना भएपछि देशको बदलिदो परिस्थिति अनुसार शिक्षा पद्धतिलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता महशुस गरी सो सम्बन्धमा सुझाव पेश गर्न राष्ट्रिय शिक्षा आयोग २०४९ को गठन भयो । यस आयोगले पेश गरेको प्रतिवेदन अनुसार विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा - प्राथमिक कक्षाका विद्यार्थी मूल्याङ्कन नियमित रुपमा गर्नुपर्ने मूल्याङ्कनलाई अध्ययन अध्यापनको साथै चलिरहने नियमित शैक्षिक क्रियाकलापको रुपमा लिइनुपर्ने, प्रत्येक विद्यार्थी शैक्षिक प्रगति विवरणलाई अभिलेखन गरीराख्नुपर्नृ, अतिरिक्त क्रियाकलापलाई समेत शैक्षिक क्रियाकलापको अभिन्न अङ्गको

रुपमा सञ्चालन गर्नुपर्ने, मूल्याङ्कनको व्यवस्थापनमा दक्ष वा विषय विज्ञहरूको संम्लग्नता हुनुपर्ने, परक्षिा नियन्त्रण कार्यालयलाई एउटा दरिलो स्वायत संथाको रुपमा सञ्चालन गरीनुपर्नृ, जस्ता सुझावहरू पेश गरेको थियो । (राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९)

त्यसैगरी नेपालको शिक्षा प्रणालीमा भएका कमी कमजोरीहरूलाई केलाई शैक्षिक पद्धति र मूल्याङ्कन प्रणालीमा सुधार गर्न २०५५ सालमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन भयो । उक्त आयोगले ँ, मूल्याङ्कन प्रणलीलाई व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न शैक्षिक नीतिहरूआफ्नो प्रतिवेदनमा पेश गऱ्यो । जसअनुसार प्राथमिक तहमा कक्षाकार्य, गृहकार्य, मौखिक परीक्षा, निरन्तर मूल्याङ्कन गरी कक्षा उकास्ने नीतिको व्यवस्था गऱ्यो । कक्षा दोहोराउने , बिचमै विद्यालयछाडने, फेल भई कक्षा छाड्ने, तह पुरा गराउन उदार कक्षोन्नती नीति अवलम्बन गर्ने प्रावधानको व्यवस्था गऱ्यो । विद्यार्थीहरूको उपलब्धिको मापन गर्न वार्षिक परीक्षाको अतिरिक्त मासिक परीक्षा, त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा,मौखिक परीक्षा, गृहकार्य,उपस्थिति अभिलेखलाई समेत आधार मान्नुपर्ने, प्राथमिक तहमा भएको शैक्षिक क्षतिलाई कम गर्न बालबालिकाहरूको सिकाइ कमजोरीलाई पहिचान गरी सुधारात्मक शिक्षण गर्ने व्यवस्था हुनुपर्ने सुझाव पेश गरेको थियो । (उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग-२०५५ )

यस उच्च स्तरीय आयोगले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको आवश्यकतालाई जोड दिएको पाइन्छ । विद्यार्थी मूल्याङ्कनको साधनको रुपमा हाम्रो देशका शिक्षा प्रणालीमा प्रयोग हुदै आएको लिखित परीक्षा पद्धतिबाट मात्र विद्यार्थी सबै पक्षको मूल्याङ्कन गर्न नसकिने भएकोले आज हाम्रा विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको जोडदार बहस चल्न थालेको छ । यस निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीबाट शिक्षकलाई विद्यार्थी सिकाइस्तर र उनीहरूको व्यक्तिगत भिन्नताको विषयमा जानकारी भई विद्यार्थी समस्या र कठिनाई थाहा पाउन सजिलो हुन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीबाट शिक्षकले विद्यार्थी वैयक्तिक क्षमता , रुची र आवश्यकतालाई समेत ध्यान दिई विद्यार्थीलाई उचित सल्लाह, सुझाव दिएर आवश्यक सहयोग पुऱ्याउन सक्ने हुदा शिक्षक विद्यार्थी बीचमा पृष्ठपोषण आदानप्रदान गरी शिक्षण सिकाइमा सुधार गर्न सहयोग पुग्छ ।

विद्यार्थी बारेमा विभिन्न निर्णय लिन र पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य पूरा गराउने प्रयोजनका लागि विद्यार्थी मूल्याङ्कन गरिन्छ । यसरी गरिने मूल्याङ्कन निर्णयात्मक र निर्माणात्मक गरी २ प्रकारको हुन्छ । विद्यार्थी बारेमा निर्णय लिन निर्णयात्मक मूल्याङ्कन गरिन्छ भने विद्यार्थीमा देखिएका कमी कमजोरीका क्षेत्रहरू पहिचान गरी तिनीहरूमा सुधारका लागि तुरुन्त पृष्ठपोषण दिई सिकाइ स्तरमा सुधार गर्न निर्माणात्मक मूल्याङ्कन गरिन्छ । विद्यार्थी निर्माणात्मक मूल्याङ्कनलाई नै निरन्तर विद्यार्थी मूल्याङ्कन भन्ने गरिन्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणाको अभ्यास नेपाल सरकारले केहि दशकदेखि गर्दै आएको छ । सबैका लागि शिक्षा अभियानले परिलक्षित गरेको सबै बालबालिकाको गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि यो अवधारणालाई कार्यान्वयन ल्याइएको हो । आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले परिकल्पना गरेको गुणस्तरीय शिक्षाको लक्ष्य प्राप्तिका लागि परिक्षणका रुपमा वि.स. २०५६/२०५७ बाट नेपालका ५ जिल्लाहरू (इलाम, स्याङ्जा, सुर्खेत, चितवन र कन्चनपुर ) बाट कार्यान्वयन आएको यो पद्धति पछि नवौं पञ्चवर्षीय योजना मार्फत संस्थागत भएको ऐतिहासिक पृष्ठभूमि रहेको छ । शिक्षाका योजना तथा परियोजनाहरू जस्तै माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सबैका लागि शिक्षा कार्यक्रम, सामुदायिक क्षमता अभिवृद्धि कार्यक्रम आदिले पनि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई उच्च प्राथमिकता राखि कार्यक्रमहरू सञ्चालन हुदै आएको अवस्थामा यसलाई अझ सस्थागत गर्ने उद्देश्यबाट प्राथमिक शिक्षा पाठ्यक्रम, आधारभूत तह कक्षा ६-८ पाठ्यक्रम, तथा माध्यमिक शिक्षा पाठ्यक्रमले पनि यो अवधारणा अनुसार विद्यार्थी मूल्याङ्कन गर्न प्रस्ताव गरेको छ ।

हाल कार्यान्वयनमा रहेको त्रिवर्षीय योजनाले पनि निरन्तर विद्यार्थी मूल्याङ्कनलाई जोड दिने नीतिगत व्यवस्था गरेको छ । त्यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६४ ले निरन्तर विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा विद्यार्थीले कक्षागत सिकाइ उपलब्धिहरू पूरा गरे/नगरेको, उनीहरूको व्यवहार, प्रवृति, क्षमता, सीपमा अपेक्षित परिवर्तन आए/नआएको र शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तर पृष्ठपोषण प्राप्त गरे/नगरेको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा जोड दिने प्रावधान गरेको छ । विद्यालयक्षेत्र सुधार कार्यक्रम(२००९) ले पनि निरन्तर विद्यार्थी मूल्याङ्कनलाई कक्षा ७

सम्म उपचारात्मक शिक्षण मार्फत सिकाइको सुनिश्चितता गरी कार्यान्वयन गर्ने नीति लिएको छ ।

प्राथमिक पाठ्यक्रम २०६२ र २०६५ मा गरेको व्यवस्था अनुसार विद्यार्थी मूल्याङ्कन निर्माणात्मक र निर्णायात्मक गरी २ प्रकारबाट गर्नुपर्छ । कक्षा १-३ सम्म पूर्णरुपमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका आधारमा मूल्याङ्कन गर्ने प्रावधान रहेको छ । यसैको आधारमा विद्यार्थी कक्षोन्नत्ति गर्ने व्यवस्था गरिएको छ । यस कार्यलाई व्यवस्थित गर्न कार्यसञ्चयिका फायललाई व्यवस्थित गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कक्षा ४ र ५ को हकमा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत परीक्षा मार्फत विद्यार्थी मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ । यसप्रकारको मूल्याङ्कनलाई  कक्षा ७ सम्म विस्तार गर्ने विद्यालयक्षेत्र सुधार कार्यक्रम र पाठ्यक्रम प्रारुपले गरेकोले आधारभूत पाठ्यक्रम २०६८ ले विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थी कार्य सञ्चयिका फायल राख्नुपर्ने प्रावधान रहेको छ । यसमा विद्यार्थी कक्षा कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यवहारिक परिवर्तनको अवलोकन आदिबाट प्राप्त सूचना व्यवस्थित गर्नुपर्ने व्यवस्था छ । कक्षा ६ र ७ मा ६० प्रतिशत आवधिक परीक्षाबाट र ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिबाट विद्यार्थी लेखाजोखा गर्ने व्यवस्था रहेको छ ।

विद्यार्थी मूल्याङ्कनका सन्दर्भमा सन् १९६७Michael Sriven ले क्यालिफोर्निया विश्वविद्यालयमा The Metholodology of Evalutionशीर्षकमा एउटा कार्यपत्र प्रस्तुत गरेका थिए । उक्त कार्यपत्रमा निर्माणात्मक मूल्याङ्कनका बारेमा समेत चर्चा गरिएको थियो । जबरा, श्रेष्ठ र रञ्जितकार, (२०६५) । त्यस्तै मूल्याङ्कनको विषयमा विद्वान्Benzamin Bloom ले निर्माणात्मक मूल्याङ्कनबाट शिक्षक विद्यार्थीमा पृष्ठपोषण आदानप्रदान गर्न सकिने, मूल्याङ्कन नियमित र निरन्तर हुने, शिक्षक निर्मित परीक्षा, श्रेणीमापन जस्ता साधनहरूको प्रयोग गरी निरन्तर मूल्याङ्कन हुने विशेषताहरू उल्लेख गरेका छन । शर्मा एण्ड शर्मा, (२०६५) । यसरी निर्माणात्मक मूल्याङ्कन पद्धतिबाट मात्र विद्यार्थी सबै पक्षको मूल्याङ्कन गर्न सकिन्छ भन्ने कुरा प्रष्ट हुन्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको माध्यमबाट पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू पूरा हुने गरीविद्यार्थीलाई उदार कक्षोन्नतीका आधारमा सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) ले सन् २०१५ सम्ममा प्राथमिक तह पूरा गर्ने दर ९० प्रतिशत पुऱ्याउने, सबै बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्ने तथा प्राथमिक तहको खुद भर्नादर १०० प्रतिशत पुऱ्याउने लक्ष्य पूरा गर्न सहज हुने देखिन्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनबाट विद्यार्थीहरूको कमीकमजोरीलाई समयमै पता लगाई उपचारात्मक शिक्षण गर्न सकिने हुनाले यस पद्धतिलाई अझ प्रभावकारी र व्यवस्थित गर्दै लैजानु आजको आवश्यकता देखिन्छ । तर यसको कार्यान्वयन पक्ष कमजोर रहेको कुरा विभिन्न समयमा भएका अध्ययनहरूले पुष्टि गरेको छ । हालै मात्र गरिएकोविद्यालय क्षेत्र सुधार कार्यक्रमको मध्यावधि मूल्याङ्कनले पनि शिक्षकहरूबाट निरन्तर मूल्याङ्कन सम्बन्धमा यो मूल्याङ्कन संस्थागत हुन नसकेको निष्कर्ष समेत निकालेकोछ । वर्तमान समयमा निरन्तर विद्यार्थी मूल्याङ्कन विषयवस्तु एक शैक्षिक चर्चाको विषयको रुपमा रहेकोले यहा यही विषयवस्तुलाई नै शीर्षकको रुपमा लिई अध्ययन गर्ने प्रयास गरिएको छ ।

विभिन्न शिक्षक तथा अभिभावकहरूको विचारमा यो पद्धति बोझिलो तथा सही ढङ्गबाट कार्यान्वयन हुन नसकेको गुनासो देखिएको छ । शहरी क्षेत्रमा यो पद्धतिको कार्यान्वयनमा केहि प्रभावकारीता आएता पनि दुर्गम तथा ग्रामीण क्षेत्रका विद्यालयहरूमा यो निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनमा त्यति प्रभावकारीता भएको देखिदैन । तसर्थ झापा जिल्लाको दक्षिण सिमाना स्थित ३ वटा गा.वि.स. शरणामति, टाघनडुब्बा र कुमरखोदका सम्पूर्ण विद्यालयहरूलाई समेटिएको टाघनडुब्बा श्रोतकेन्द्र अन्तरगतका जम्मा २० वटा सामुदायिक विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनको अवस्था के कस्तो स्थितिमा रहेको छ भनी शोधकार्य गरिएको छ । जसबाट हालको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनको अवस्था, निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा देखा परेका समस्याहरू तथा त्यसको सुधारका लागि के कस्ता उपायहरू अपनाउन सकिन्छ भन्ने सुझावहरू समेत पेश गरिएको छ ।

## १.२ समस्याको कथन

पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्न लिखित परीक्षाले मात्र सम्भव हुन नसक्ने भएको हुनाले विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको सहि कार्यान्वयन हुन आवश्यक देखिन्छ । विद्यार्थी ज्ञान, सीप तथा व्यवहार सबै पक्षको मूल्याङ्कन गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिबाट मात्र सम्भव छ । निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाउन शिक्षकको एक्लो प्रयासले मात्र हुँदैन । यसमा सम्बन्धित सरोकारवाला सबै पक्षको भूमिका आवश्यक हुन्छ । एकातिर विद्यार्थी स्वयम् आफैले नियमित रुपमा विद्यालयआउने बानी गर्नुपर्छ भने अर्को तर्फ अभिभावकहरूले पनि आफ्नाविद्यार्थी बारेमा नियमित रुपमा चासो राखी आफ्ना केटाकेटीहरू नियमित रुपमा विद्यालयजाने वातावरण बनाउनुपर्छ । मूल्याङ्कन विद्यार्थी जाच्ने एक कसी हो, अझ नियमित र निरन्तर रुपमा गरिएको मूल्याङ्कनले विद्यार्थी हरेक पक्षको जाँच गर्न सकिन्छ । यसर्थ शैक्षिक नीति निर्माता, शिक्षक, अभिभावक, व्यवस्थापन पक्ष, शोधकर्ता, शिक्षाविद् लगायत शिक्षासँग सम्बन्धित सबै सरोकारवालाहरूका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनलाई कसरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सवाल एक चुनौतीको विषय बनेको छ ।

वर्तमान समयमा सामुदायिक विद्यालयहरूमा एउटा नयाँ आयामको रुपमा रहेको निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन शैक्षिक सत्र २०६३ साल देखि हुदै आएको भएता पनि यसको सही ढङ्गबाट कार्यान्वयन हुन नसकेको अवस्था रहेको छ । विभिन्न बैठक, शिक्षक पत्रपत्रिका , तथा अर्न्तक्रियामा समेत यो प्रणालीलाई शिक्षकहरूको एउटा ठूलो बोझको रुपमा महसुस गरेको सूचनाहरूपाइन्छ । शिक्षकहरूलाई पटक पटक निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन सम्बन्धी तालिमहरू दिएता पनि तालिमको प्रभावकारीता ल्याउन सकेको छैन । निरन्तर विद्यार्थी मूल्याङ्कनको उदार कक्षोन्नतीको आधारमा विद्यार्थीहरूलाई कक्षा चढाउदै जादाँ विद्यार्थीहरूमा गुणात्मक सुधार हुन नसकेको देखिन्छ ।

विद्यार्थी मूल्याङ्कनका लागि विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई अझै प्रभावकारी तथा व्यवस्थित गर्दै लैजानु आजको आवश्यकता भएको हुँदा हाम्रा ग्रामिण क्षेत्रका सामुदायिक विद्यालयहरूमा यसको कार्यान्वयन के कसरी भईरहेको छ ?विद्यार्थी मूल्याङ्कनमा यस पद्धतिको अवलम्वन गर्दा हाल सम्मको

अवस्था के कस्तो रहेको छ ? र यस प्रणालीलाई सहज रुपमा कसरी प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न सकिन्छ ? र यसलाई अझै प्रभावकारी बनाउन के कस्ता प्रयासहरू गर्न आवश्यक छ ? जस्ता पक्षहरूका विषयमा अध्ययन अनुसन्धान गर्नु आजको आवश्यकता रहेको छ ।

त्यसैले प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगको अवस्था बारे सरोकारवालाहरूलाई अवगत गराउन, आवश्यक तथ्यहरूको खोजी गरी यर्थाथ तथ्यहरू अध्ययन गर्नु आवश्यक छ । प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको स्थिति के कस्तो अवस्थामा रहेको छ, निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगमा देखिएका समस्याहरू के कस्ता रहेका छन तथा ती समस्याहरू समाधानका प्रभावकारी उपायहरू के कस्तो हुन सक्छ जस्ता समस्यामा केन्द्रित रहेर प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन विषयक यो शोधपत्र अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालयमा विभिन्न प्रकारका विद्यार्थी अर्थात फरक परिवार, फरक समुदाय, फरक विशेषता, फरक चाहना, रुची तथा फरक आवश्यकता भएका विद्यार्थीहरू आएका हुन्छन । विद्यालयमा आउने प्रायजसो सबै बालबालिकाहरूको पारिवारीक पृष्ठभूमि फरक फरक किसिमको हुन्छ । यी सबै प्रकारका विद्यार्थीहरूको सम्पूर्ण पक्षलाई ध्यानमा राखेर तिनीहरूको आवश्यकता अनुरुपको ज्ञान, सीप तथा अभिवृद्धिको विकास गराई व्यवहार परिवर्तनमा जोड दिनुपर्ने हुन्छ । यसका लागि निरन्तर र नियमित रुपमा विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने, र निरन्तर रुपमा पृष्ठपोषण प्रदान गर्नुपर्ने भएको हुनाले यो निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको आफनै महत्व रहेको छ भने यसको सहि ढङ्गबाट कार्यान्वयन भए नभएको,यस निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनको दिशामा यसले झेल्नु परेको समस्याहरू तथा उक्त समस्या समाधानका उपायहरू खोजी गर्ने भएकोले यस अध्ययनको औचित्य रहेको छ । यस अनुसन्धानबाट प्राप्त निश्कर्षको आधारमा विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनमा भएका समस्या पता लाग्ने तथा त्यसको सुधारको लागि आवश्यक सुझाव पेश गर्न सकिने साथै सरोकारवाला सबैलाई केहि न केहि फाइदा पुग्ने छ । विद्यालयका प्रधानाध्यापक, शिक्षक साथै शैक्षिक प्रशासन तथा

शैक्षिक नीति निर्माताहरूलाई समेत प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने छ भन्ने यस अध्ययनको निष्कर्षको सही उपयोगले विद्यार्थी शैक्षिक उपलब्धिस्तर बढाउन समेत सहयोग पुग्ने छ ।

शैक्षिक योजनाकारका लागि यस अनुसन्धानले शैक्षिक योजना निर्माण गर्न सहयोग पुऱ्याउनेछ भने पाठ्यक्रम निर्माता र कार्यान्वयनकर्ताका लागि पनि यसले सहयोग पुऱ्याउनेछ । आगामी दिनमा यस विषयसँगसम्बन्धित थप अध्ययन अनुसन्धान गर्न चाहने जो कोहि अनुसन्धानकर्ताका लागि समेत यस अनुसन्धानले भरपुर सहयोग गर्नेछ भन्ने विश्वास लिएकोछु। यसैले यस अनुसन्धानबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन गरी प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन पक्षलाई प्रभावकारी रुपमा लागू गर्न अनुसन्धान तह, नीति निर्माण तह, तथा कार्यान्वयन तहका सम्पूर्ण सरोकारवालाहरूलाई समेत सहयोग पुग्ने भएकोले यस अध्ययनको औचित्य भरपुर देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको लागि निम्न प्रकारका उद्देश्यहरू रहने छन् ।

(क) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनको अवस्था पता लगाउने ।

(ख) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रयोगमा देखिएका समस्याहरू पहिचान गर्ने ।

(ग) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रयोगमा देखिएका समस्या समाधानका प्रभावकारी उपायहरू सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

सम्बन्धित अनुसन्धानका लागि निम्न प्रकारका अनुसन्धानात्मक प्रश्नहरू रहने छन ।

(क) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको अवस्था कस्तो छ ?

(ख) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको समस्याहरू के के छन ?

(ग) निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा आउने समस्याहरू समाधान गर्न के कस्ता समाधानका उपायहरू अनाएको छ ?

(घ) निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा के कस्ता आधारहरू अपनाइएको छ ?

(ङ) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनले सिकाइउपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

(च) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन पश्चात सिकाइ उपलब्धिमा के प्रभाव पारेको छ ?

(छ) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन पश्चातविद्यार्थीहरूको नियमिततामा के प्रभाव पारेको छ ?

(ज) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनमाअभिभावकहरूको सहभागीता के कस्तो रहेको छ ?

(झ) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन पश्चात कक्षा छाडने, टिफिन पछि भाग्ने विद्यार्थीहरूको स्थिति के रहेको छ ?

## १.६ अध्ययनको सिमाङ्कन

यस अनुसन्धान सिमित स्रोत साधन तथा समयको कारणले गर्दा झापा जिल्ला टाघनडुब्बा स्रोतकेन्द्र अन्तरगतका गाउँम विकास समितिहरू कुमरखोद, टाघनडुब्बा र शरणामतिमा सञ्चालित २० वटा सामुदायिक विद्यालयको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनको अवस्थासँग सिमित राखिएको छ । उक्त अध्ययन क्षेत्रका २० वटा विद्यालयहरू मध्ये ६ वटा अर्थात ३० प्रतिशत विद्यालयहरूलाई नमूनाको रुपमा छनौट गरिएको छ । विद्यालयका १ जना प्रधानाध्यापक, २/२ जना शिक्षक, विद्यालयव्यवस्थापन समितिका अध्यक्ष १ जना, कक्षा ५ का २/२ जना विद्यार्थी, सम्बन्धित स्रोतव्यक्ति र २/२ जना अभिभावक सम्म यो अध्ययन सिमित राखिएको छ ।

शैक्षिक सत्र २०७० र २०७१ सालमा नमूना छनौटमा परेका विद्यालयहरूका विद्यार्थीहरूको भर्ना स्थिति, उपस्थिति हाजिरी, सिकाइ उपलब्धिस्तर र शैक्षिक उपलब्धिको अवस्था अध्ययन, विश्लेषण तथा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनमा देखा परेका समस्या तथा समस्या समाधानका उपायहरूसम्बन्धी विश्लेषण गरिएको छ । साथै उक्त शैक्षिक सत्रमा नमूना छनौटमा परेका विद्यालयका विद्यार्थीहरू, शिक्षकहरू, अभिभावकहरू, प्रधानाध्यापक, व्यवस्थापन समितिका अध्यक्ष तथा श्रोतव्यक्ति समेतलाई यस अध्ययनमा सीमित पारिएको छ ।

## १.७ शब्दावलीको अर्थ र परिभाषा

सि.उ. - सिकाइ उपलब्धि

वि.व्य.स. - विद्यालयव्यवस्थापन समिति

वि.नि. - विद्यालयनिरीक्षक

जि.शि.का. - जिल्ला शिक्षा कार्यालय

स्रो.के. - स्रोतकेन्द्र

श्रो. व्य. - श्रोतव्यक्ति

स्रो.के. - स्रोतकेन्द्र

श्रो. व्य. - श्रोतव्यक्ति

सामुदायिक विद्यालय - नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति प्राप्त विद्यालय।

श्रोतकेन्द्र - केहि विद्यालयहरूलाई समुह बनाई तोकिएको एक केन्द्र जहाँबाट सबै विद्यालयहरूलाई सुपरीवेक्षण गर्ने काम हुन्छ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अध्ययनलाई प्रभावकारी एवम् सहज बनाउनका लागि पूर्व साहित्यको पुनरावलोकनको आवश्यकता पर्दछ , जसवाट सम्बन्धित विषयमा हाल सम्म भई आएको खोज, अनुसन्धान तथा प्रयासहरूको सूचनाहरू प्राप्त हुन्छ । तसर्थ यस अनुसन्धानसँगसम्बन्धित केहि लेख, रचना, निर्देशिका, शोध प्रतिवेदन तथा सीमित दस्तावेजहरूको अध्ययन गरी शोध शीर्षकलाई दिशाबोध गराउने प्रयास गरिएको छ । खनाल (२०६८) सालमा, शिक्षा शास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कन्काई बहुमुखी क्याम्पस, झापामा बुझाएको “निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले प्राथमिक नियमिततामा पारेको प्रभाव ” शोधपत्रका अनुसार - निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले विद्यार्थीहरूको उपस्थिति र नियमिततामा प्रभाव पार्ने कुरा प्रष्ट भएको छ ।

गौतम,चेतनाथ(२०६६) अनुसार “निरन्तर विद्यार्थी मूल्याङ्कन एउटा निरन्तर रुपमा चलिरहने प्रक्रिया हो । यो विद्यार्थीलाई उच्चतम प्रदान गर्ने प्रक्रिया हो । यो आफैमा शिक्षण सिकाइ प्रत्रिया हो र यो कुनै एउटा मूल्याङ्कन जन्य क्रियाकलाप नभएर सबै क्रियाकलापहरूको समायोजित तथा एकिकृत प्रक्रिया हो । ”

शर्मा एण्ड शर्मा ( २०६५ ) का अनुसार मूल्याङ्कन विभिन्न उद्देश्यका लागि गरिन्छ । शिक्षणका विभिन्न क्षेत्रहरू मध्ये विद्यार्थी मूल्याङ्कन प्रमुख क्षेत्र हो । यस क्षेत्रको मूल्याङ्कन राम्रो भएमा शिक्षण सिकाइमा प्रभावकारी हुने निश्चित छ । निर्दिष्ट उद्देश्यहरू पूरा गर्न विद्यार्थीलाई शिक्षण सिकाइमा संलग्न गराईन्छ र निश्चित गरिएकाउद्देश्यहरू पूरा भए वा भएनन् भनी लेखाजोखा गर्ने कार्यलाई विद्यार्थी मूल्याङ्कन भनिन्छ । विषयवस्तुको शिक्षण पश्चात परीक्षा सम्बन्धी योजना बनाउनु, प्रश्नावली निर्माण गर्नु, परिक्षण गर्नु, प्राप्ताङ्कका आधारमा श्रेणी विभाजन गर्नु, सुधारात्मक प्रक्रिया अपनाउनु, तथा विद्यार्थी बानी व्यवहारमा सुधार आए नआएको पता लगाउनुका साथै उनीहरूमा रचनात्मक अभिरुची सृजना गर्ने जस्ता कार्य गर्नु विद्यार्थी मूल्याङ्कनका पक्षहरू हुन । (शर्मा एण्ड शर्मा, २०६५)

Black and William ले मूल्याङ्कन निरन्तर हुदाँयसको विश्वसनीयता बढने, विद्यार्थीले समयमै पृष्ठपोषण पाउने साथै सिकाइ प्रक्रियामा विद्यार्थी र शिक्षक दुबैको गुणस्तरीय सहभागिता रहने कुराको निर्श्कष दिएका छन । (Tand William D 1998 Assessment and Classroom Learning)

राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) अनुसार - शैक्षिक प्रक्रियामा तथ्याङ्क सङ्कलन गर्ने, व्याख्या गर्ने, अभिलेखन गर्ने, विश्लेषण गर्ने, सूचनाहरूको प्रयोग गर्ने, पृष्ठपोषण प्राप्त गर्ने र पुर्नयोजना गर्ने कार्य विद्यार्थी मूल्याङ्कन हो । नेपालको सर्न्दभमा सिकाइ प्रक्रियामा विद्यमान मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको र शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकसित हुन नसकेको कुरा औंल्याउने गरेको पाइन्छ । मूल्याङ्कन प्रणालीलाई परीक्षामुखी सिद्धान्तबाट अभ्यास गर्ने गरिन्छ । विद्यार्थीलाई कक्षा चढाउन गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, सामूहिक क्रियाकलापजस्ता क्रियाकलापलाई समावेश गरिएको छैन ।

आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रो बाट निरन्तर रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई अङ्गीकार गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिम तथा मूल्याङ्कनका अन्य विविध प्रयासहरूगरीदै आएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले विद्यार्थी मूल्याङ्कनका लागि देहायका नीतिहरू अवलम्वन गर्ने व्यवस्था गरेको छ। सबै तह तथा कक्षाहरूमा औपचारिक एवम् अनौपचारिक मूल्याङ्कन विधि प्रयोग गरी आन्तरिक तथा बाह्य मूल्याङ्कन प्रक्रिया अवलम्वन गरिएको छ । विद्यार्थी मूल्याङ्कन गर्दा कक्षाकार्य, योजनाकार्य, सामुहिक कार्य, एकाई परीक्षा, उपलब्धि परीक्षा, त्रैमासिक परीक्षा, अवलोकन, रचनात्मक तथा प्रवर्द्धनात्मक कार्य जस्ता साधन तरिका प्रयोगमा ल्याइएको छ । विद्यार्थी उपलब्धिको प्रमाणीकरण गर्न वा कक्षा चढाउन निर्णयात्मक मूल्याङ्कन गरिएको छ । उपचारात्मक प्रावधान राखी गुणस्तर निश्चित गरेर आधारभूत कक्षामा उदार कक्षोन्नतिको व्यवस्था क्रमिक रुपमा लागू गरिएको छ । विद्यार्थीले कक्षागत सिकाइ उपलब्धिहरू पूरा गरे नगरेको,उनीहरूको व्यवहार, प्रवृति, क्षमता, सीपमा अपेक्षित परिवर्तन आए नआएको र शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तर पृष्ठपोषण प्राप्त गरे नगरेको निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिमा जोड दिइएको छ ।

भीमप्रसाद लुइटेलले २०६८ सालमा “निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले प्राथमिक विद्यार्थी नियमिततामा पारेको प्रभाव”शीर्षकमा तयार पारिएको शोधपत्रका अनुसार- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली एउटा चलिरहने प्रक्रिया हो । यो कुनै एउटा मूल्याङकनजन्य क्रियाकलाप नभएर धेरै र सम्भाव्य सबै क्रियाकलापहरूको समायोजित र एकिकृत प्रकृया हो । यो सिकाइका लागि मूल्याङकन र सिकाइका रुपमा मूल्याङकन दुवैको एकीकृत रुप हो । त्यसैले यी उद्देश्य प्राप्तिका लागि नेपालमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरिएकोपाइन्छ । बीचैमा विद्यालयछाडने र कक्षा दोहोऱ्याउने विद्यार्थी सख्या कम गर्ने, विद्यार्थीलाई नियमित विद्यालयआउने वातावरण सिर्जना गर्ने, विद्यार्थीमा परीक्षामा अनुतिर्ण हुने संन्त्रास हटाउने, विद्यार्थीले नसिकेका कुराहरूको समयमै जानकारी प्राप्त गर्न र सुधारात्मक शिक्षणका माध्यमले थप मद्दत गर्ने प्रभावकारी शिक्षण सिकाइका लागि उपयोग गर्ने विभिन्न साधन तथा माध्यमको प्रयोग गरी विद्यार्थीसिकाइको लगातार र नियमित लेखाजोखागर्ने परिपाटी बसाल्ने उदार कक्षोन्नतिको नीति लागू गर्ने, प्राथमिक शिक्षाको गुणात्मक विकासमा सहयोग पुऱ्याउने, अधिकतम विद्यार्थीलाई तह पुरा गराई शैक्षिक क्षति कम गर्ने जस्ता उद्देश्यका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोगलाई जोड दिएको पाइन्छ । शोधकर्ता लुईटेलले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले प्राथमिक तहका विद्यार्थी सिकाइमा पारेको प्रभावको विश्लेषणात्मक रुपमा प्रस्तुत गरेका छन ।

गौतम, (२०६८) लेखन गरेको निरन्तर विद्यार्थी मूल्याङकन पद्धति के ? किन ?कसरी ? शीर्षकको लेखमा निरन्तर मूल्याङकन सम्बन्धी जानकारीहरू उल्लेख गरिएको छ । विद्यार्थीले कति जान्यो ? के जान्यो ? र के जानेनन् भन्ने प्रश्नको उतर पुरातन मूल्याङकन पद्धति जस्तै आवधिक परीक्षाले पनि दिने रहेछ तर शिक्षण र सिकाइको सीमा के जान्यो ? वा कति जानेन, भन्ने मात्र होइन रहेछ । विद्यार्थीले कस्तो अनुभव गर्दैछ ? अब के गर्न सक्छ ? त्यसको लागि अरु के के गर्नुपर्छ ? गर्न सकिन्छ ? र कसरी ? भन्ने प्रश्नहरू पनि अहम रहेछन् भन्दै गौतमले मानिसले ज्ञान आर्जन गर्ने मात्र होइन, उसले त ज्ञान निर्माण पनि गर्ने रहेछ । ज्ञानको निर्माण दिमागमा हुने रहेछ र विद्यार्थी दिमागमा के कस्तो ज्ञान निर्माण हुँदैछ भन्ने कुरा लेखाजोखा गर्ने काम जसलाई शैक्षणिक भाषामा मूल्याङकन भनिने, जुन निरन्तर र नियमित हुनुपर्ने कुरामा जोड दिएका छन ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२) अनुसार विद्यार्थीको मूल्याङ्कन गर्नु भनेको उनीहरूलाई पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू हासिल गराउनु हो, उनीहरूलाई फेल गरेर, असफल गर्नु होईन । निर्माणात्मक मूल्याङ्कनको उद्देश्यविद्यार्थीलाई प्रभावकारी शिक्षण गरेर पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पुरा गराउनु हो । यसका लागि पठनपाठनसँगै विद्यार्थी निरन्तर मूल्याङ्कन गर्नुपर्दछ । पठनपाठनसँगै निरन्तर चल्ने भएकोले निर्माणात्मक मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन भनिएको हो । विद्यार्थी कक्षा सहभागीता, चालचलन, अवलोकन, मौखिक प्रश्नोतर, लिखित परीक्षा आदिका माध्यमहरूविद्यार्थी निरन्तर मूल्याङ्कनका लागि उपयोगी हुन्छन । निरन्तर विद्यार्थी मूल्याङ्कनमा शिक्षकले कुनै न कुनै प्रकृयाबाट विद्यार्थी सिकाइका बारेमा बराबर निगरानी राखी उनीहरूको कठिनाई बुझेर शिक्षण गर्नुपर्दछ । परिमार्जित पाठ्यक्रमले प्रथमिक तहमा विद्यार्थी निरन्तर मूल्याङ्कन प्रकृयालाई आधार बनाई उद्धार कक्षोन्नती गर्ने नीति अङ्गीकार गरेको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनले शिक्षाको गुणस्तर बढाउन, बीचैमा विद्यालय छाडने, टिफिन पछि विद्यालयबाट भाग्ने सख्यामा कमी ल्याई विद्यार्थी व्यवहारमा सुधार गर्न सहयोग पुऱ्याउँछ । निरन्तर विद्यार्थी मूल्याङ्कनमा विद्यार्थी व्यक्तिगत अभिलेख राखिने हुदाँ विद्यार्थी सर्वपक्षीय अवलोकन गर्न सजिलो हुन्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन निर्देशिका (२०६७) मा आधारभूत तह अर्न्तगत कक्षा १ देखि ३ सम्म पूर्ण रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारमा ४ र ५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षाको आधारमा विद्यार्थी कक्षोन्नती गर्ने व्यवस्था उल्लेख गरिएको छ । उक्त निर्देशिका निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्यविद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नु र उनीहरूको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा आवश्यकता अनुसार निरन्तर सिकाइ अवसर प्रदान गरी विद्यार्थी सिकाइ स्तरमा सुधार गर्नु उल्लेख गरिएको छ । यसका लागि प्रत्येक विद्यार्थी कार्यसञ्चयीका फायल राख्नु पर्ने, विद्यार्थी कक्षाकार्य, हाजिरी तथा विद्यार्थीले गरेका अन्य कार्यको अभिलेख राख्नुपर्ने र प्रत्येक महिना विद्यार्थी प्रगतिको प्रतिवेदन अभिभावकलाईजानकारी गराई अभिभावकहरूसँग नियमित रुपमा अर्न्तक्रिया गर्नुपर्ने कुरा निर्देशिकाले प्रष्ट पारेको छ । साथै विद्यार्थीहरूको श्रेणी विभाजन गर्न समेत निर्देश गरेको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक ढाँचा

प्रस्तुत शोध अध्ययन शिक्षाशास्त्री Benzamin S. Bloomको Taxonomy of Objectiveसँग निर्देशित छ । सन् १९५६ मा Bloom ले उद्देश्यहरूको वर्गीकरण तीन भागमा गरेका थिए, जसलाई Taxonomy of instructional objectiveभनिएको छ, जसका अनुसार उद्देश्यका तीन वटा क्षेत्रहरू रहेका छन ।

(क) संज्ञानात्मक क्षेत्र

(ख) भावानात्मक क्षेत्र

(ग) मनोक्रियात्मक क्षेत्र

संज्ञानात्मक क्षेत्र अन्तर्गत ज्ञान, बोध, प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन पर्दछन । भावनात्मक क्षेत्रमा प्राप्त गर्ने, प्रतिक्रिया देखाउने, सङ्गठन गर्ने र चरित्र निर्माण गर्ने जस्ता उपक्षेत्र रहेका छन । Benzamin Bloomको यो Taxonomyले विद्यार्थीहरूको सम्पूर्ण पक्षको विकाससँग सम्बन्ध राख्दछ भने यो निरन्तर विद्यार्थी मूल्याङकनमा समेत विद्यार्थीको सिकाइको सबै पक्षको मूल्याङ्कन गर्नुBloomको taxonomyसँग सहसम्बन्ध स्थापना गर्न सहयोग पुऱ्याएको छ ।

विद्वान् Benzamin Bloom को यस सिद्धान्तले निर्माणात्मक मूल्याङ्कनबाट शिक्षक विद्यार्थीमा पृष्ठपोषण आदानप्रदान गर्न सकिने, मूल्याङ्कन नियमित र निरन्तर हुने , शिक्षक निर्मित परीक्षा, श्रेणीमापन जस्ता साधनहरूको प्रयोग गरी निरन्तर मूल्याङ्कन हुने विशेषताहरू उल्लेख गरेका छन । यसैले ब्लूमको यस टेक्सोनोमी सिद्धान्तसँग प्रस्तुत अध्ययनको शीर्षकसँग मेल खाने भएकाले यहाँ उक्त सिद्धान्तलाई अध्ययनको सैद्धान्तिक खाकाको रुपमा लिने काम भएको छ ।

निरन्तर मूल्याङ्कनको अवधारणाको विकास भएको वर्तमान अवस्थामा पनि विविध कारणले कतिपय विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर निकै खस्कदै गरेको, कक्षा उकास्न नसकिएको, नियमित उपस्थित हुन नसकेको देखिन्छ । यी समस्याहरूविद्यार्थी मूल्याङ्कनका बाधक भएकोले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी र सफल रुपमा प्रयोगमा ल्याउन प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन उपयोगी भएको

आधारमा बेन्जामिन् ब्लूमको यस चिन्तनलाई अध्ययनको वैचारीक खाकाको रुपमा लिइएको छ ।

## २.३ शैक्षिक उपादेयता

आजको २१ औं शताब्दीमा समाजमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षाको आवश्यकता छ । पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धिहरूविद्यार्थीहरूले पूर्ण रुपमा हासिल गर्न सक्नु नै गुणस्तरीय शिक्षा हुनु हो । यसका लागि सिकाइ उपलब्धि के कति मात्रामा प्राप्त हुन सके भनी जानकारी लिन विद्यार्थीको मूल्याङ्कन गर्न आवश्यक छ । सिकाइ उजलब्धि भनेको पाठ्यक्रमले तोकेको उद्देश्य हो र उद्देश्य मूल्याङ्कनसँगसम्बन्धित हुन्छ । तसर्थ यस अनुसनधानलाई पूर्णता दिन Bloomको Taxonomy of instructional objectiveलाई सैद्धान्तिक आधार बनाइएको छ । उद्देश्य पुरा भए नभएको मापन गर्न मूल्याङ्कनले सहयोग गर्ने भएकोले यस अध्ययनमा यो सिद्धान्त उपयोगी सिद्ध छ र मूल्याङ्कनका समबन्धमा आज भन्दा अघिकै कस्ता प्रयासहरू वा व्यवस्थाहरू भएका छन् भनी सम्बन्धित विभिन्न पुस्तकहरू,योजना, कार्यक्रम, निर्देशिका, पत्रिका, पाठ्यक्रमहरूको अध्ययनबाट विद्यार्थी मूल्याङ्कन सम्बन्धी भए गरेका व्यवस्थाका विषयमा जानकारी प्राप्त भएको छ । जसको आधारमा अध्ययनलाई अघि वढाउन सहयोग पुगेको छ । पूर्व साहित्यिक कृतिहरूले अध्ययनलाई निर्ष्कषमा पुऱ्याउन सहयोग गरेका छन । यस अघि निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिबाट विद्यार्थी नियमिततामा पारेको प्रभावका विषयमा अध्ययन अनुसन्धान भएको छ, जसको अध्ययन गरी निर्ष्कषमा पुग्न पनि पूर्व साहित्यिक कृतिहरूको अध्ययनबाट सहयोग पुगेको छ । यस्ता कृतिहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अवस्था , यसका नीति तथा कार्यान्वय पक्षका विषयमा जानकारी प्राप्त भएकोले अध्ययनलाई व्यवस्थित बनाउन आवश्यक मार्ग निर्देशन गर्न यस कार्यले सहयोग पुऱ्याएको छ भन्ने विश्वास लिएको छु ।

यस अनुसन्धानका लागि माथि उल्लेखित अनुसन्धान तथा कृतिहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सहयोग पुऱ्याएको छ । यसबाट निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धित समस्याहरूको पहिचान गरी समाधानका उपायहरू खोजी गर्न सहयोग पुगेको छ । बेन्जामिन ब्लूमको सिद्धान्तले

निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रयोगमा ल्याइएका विद्यालयका अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई विद्यालयपठाउन प्रेरित गर्न, विद्यालयमा नियमित उपस्थित गराउन, शैक्षिक उपलब्धिस्तर बारे जानकार हुन र आफ्ना बालबालिकालाई पढाइमा सहयोग गर्न आधार प्रदान गरेको छ ।

हालसम्मका निरन्तर विद्यार्थी मूल्याङ्कन शीर्षकमा गरिएका अनुसन्धानहरूमा नीति निर्माणकर्ता, शिक्षाविद्, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, र सरोकारवाला सबैलाई विद्यार्थी मूल्याङ्कन सम्बन्धी सहयोग पुऱ्याएको तथा प्रस्तुत शीर्षकमा गरिएको अध्ययनबाट पनि निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था, समस्याहरू र समस्या समाधानका उपायहरूलाई विभिन्न सिद्धान्तविद्हरूको विचारसँग समन्वय गरी निर्ष्कषमा पुग्ने काम भएकाले प्रस्तुत अनुसन्धानले पनि निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी सम्पूर्ण सरोकारवालाहरूलाई सहयोग पुऱ्याउन सहयोग पुऱ्याएको छ ।

# परिच्छेद तीन : अध्ययनको विधि

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अध्ययन अनुसन्धान गर्न एक निश्चित विधिको आवश्यकता पर्दछ । अध्ययनलाई विश्वसनीय, वैध र वस्तुगत बनाउन प्रश्नावली, अर्न्तवार्ता, छलफल साथै नमूना छनौटमा परेका विद्यालयहरूको स्थलगत भ्रमण गरी सम्बद्ध क्रियाकलापको अवलोकन र अभिलेख अध्ययन गरिएको छ साथै द्वितीय स्रोतबाट समेत तथ्याङ्क सङ्कलन गरीगुणात्मक तथा परिमाणात्मक ढङ्गबाट व्याख्या विश्लेषण गरिएको छ । त्यसैले प्रस्तुत शीर्षकको शोध अध्ययन सर्वेक्षण विधिमा आधारित रहेको छ ।

यस अनुसन्धानका क्रममा वर्णनात्मक, गुणात्मक, परिमाणात्मक सबै विधि अपनाइएकोले यसको ढाँचा मिश्रित प्रकारको ढाँचा रहेको छ । अध्ययनलाई विश्वसनीय र वैध बनाउन प्रश्नावली, अन्तर्वार्ताका साथै नमुना छनौटमा परेका विद्यालयहरूमा स्वयम भ्रमण गरी सम्बन्ध क्रियाकलापहरूको अवलोकन र अभिलेख अध्ययन गरिएको छ । यस अनुसन्धानमा प्राथमिक स्रोतका रुपमा विद्यालयका अभिलेखहरू चयन गरिएको छ भने द्वितीयस्रोतको रुपमा विभिन्न शोधपत्र, पत्रपत्रिका, लेख, जर्नल तथा सम्बन्धित सामाग्रीहरू प्रयोग गरिएको छ ।

## ३.२ जनसंख्या र नमूना

### ३.२.१ जनसंख्या

सम्बन्धित अनुसन्धानका लागि झापा जिल्ला अर्न्तगत सुदूर दक्षिणको सिमानामा पर्ने ग्रामिण क्षेत्रमा रहेका ३ वटा गा.वि.स.हरू – कुमरखोद टाघनडुब्बा र शरणामति गा.वि.स.लाई समेटिएको टाघनडुब्बा श्रोतकेन्द्र अर्न्तगतका २० वटा सामुदायिक विद्यालयहरू मध्ये ६ वटा सामुदायिक विद्यालय र ती विद्यालयका प्रधानाध्यापक, प्राथमिक तहका शिक्षकहरू, विद्यार्थीहरू,वि.व्य.स.का अध्यक्ष र सम्बन्धितश्रोतव्यक्तिलाई यस अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

यस अध्ययनमा कुमरखोद, टाघनडुब्बा र शरणामति गाउँ विकास समितिलाई समेटिएको टाघनडुब्बा श्रोतकेन्द्रका श्रोतव्यक्ति, ६ वटा विद्यालयका ६ जना

प्रधानाध्यापक, ६ जना विद्यालयव्यवस्थापन समितिका अध्यक्ष, १२ जना शिक्षक, १२ जना विद्यार्थी र ६ जना अभिभावकहरूलाई जनसंख्याको रुपमा लिइएको छ ।

तालिका १ : जनसंख्या विवरण

| क.सं. | विद्यालयको नाम | प्र.अ. | अध्यक्ष | शिक्षक | विद्यार्थी | अभिभावक |
|---|---|---|---|---|---|---|
| १ | डिल्लीराज उ.मा.वि. | १ | १ | २ | २ | १ |
| २ | जगदम्बा प्रा.वि. | १ | १ | २ | २ | १ |
| ३ | कुवाडीदेवी मा.वि. | १ | १ | २ | २ | १ |
| ४ | त्रिभुवन नि.मा.वि. | १ | १ | २ | २ | १ |
| ५ | महेन्द्र नि.मा.वि. | १ | १ | २ | २ | १ |
| ६ | स्वस्थानी प्रा.वि. | १ | १ | २ | २ | १ |
| | जम्मा | ६ | ६ | १२ | १२ | ६ |

### ३.२.२ नमूनाको आकार

झापा जिल्ला अर्न्तगत टाघनडुब्बा श्रोतकेन्द्र अर्न्तगतका जम्मा २० वटा विद्यालय मध्ये ३० प्रतिशत अर्थात ६ वटा विद्यालयहरूलाई नमूनाको रुपमा लिइएको छ भने प्रत्येक विद्यालयको प्र.अ., दुई जना शिक्षकहरू, ५ जना विद्यार्थीहरू, एकजना वि.व्य.स.का अध्यक्ष र एक जना श्रोतव्यक्तिलाई नमुना जनसंख्याको रुपमा लिइएको छ । उक्तजनसंख्याले सबै जनसंख्याको प्रतिनिधित्व गरिएको छ ।

### ३.२.३ नमुना छनौट विधि

नमूना छनौटका लागि संयोगमा आधारित विधि अर्न्तगत अर्थात २० वटा विद्यालय मध्ये गोला प्रथाबाट ६ वटा विद्यालयहरू छनौट गरिएको छ । छनौट गरिएकाविद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकहरू पनि सोहि विधिबाट छनौट गरिएका छन ।

## ३.३ तथ्याङ्कको स्रोत

यस अनुसन्धानमा विद्यालयका प्र.अ., विद्यार्थी, अध्यक्ष, श्रोतव्यक्ति तथा विद्यालयका अभिलेखहरूलाई प्राथमिक स्रोतका रुपमा प्रयोग गरिएको छ भने अध्ययनको क्रममा आवश्यक पर्न सक्ने विभिन्न पुस्तक, विद्यालय निरिक्षण पुस्तिका, शिक्षक स्टाफ पुस्तिका, विद्यालय व्यवस्थापन समिति बैठक पुस्तिकाका निर्णयहरू,

कक्षा ५ को शैक्षिक सत्र २०७० र २०७१ सालको विद्यार्थी उपस्थिती अभिलेख तथा अन्य सर्न्दभ सामाग्रीहरूको समेत अध्ययन गरी सुचना संकलन गरिएको छ ।

## ३.४ तथ्याङक संकलनका साधनहरू

अनुसन्धानका लागि सूचनाहरू संकलन गर्न खुल्ला प्रश्नावलीका साथै बन्द प्रश्नावली पनि प्रयोग गरिएको छ, जसमा प्र.अ.का लागि १० वटा, शिक्षकका लागि १० वटा , विद्यार्थीका लागि १० वटा, श्रोतव्यक्तिका लागि ५ वटा, वि.व्य.स.का अध्यक्षका लागि ५ वटा प्रश्नका आधारमा अर्न्तवार्ता लिइएको छ । शोधकार्यलाई सरल र सहज बनाउन संकलनका लागि निम्न साधनहरू प्रयोग गरिएको छ ।

(क) शैक्षिक तथ्याङ्क सर्वेक्षण फारम

(ख) बन्द तथा खुल्ला प्रश्नावली

## ३.५ तथ्याङक संकलन प्रकृया

अनुसन्धानका लागि आवश्यक सूचनाहरू संकलन गर्न स्वयम प्रत्यक्ष रुपमा छनौट गरिएका विद्यालयहरूमा गई प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. का अध्यक्षसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावलीका आधारमा अर्न्तवार्ता गरी सूचना संकलन गरिएको छ, साथै विद्यार्थीको निरन्तर मूल्याङकन प्रणाली कार्यान्वयको अवस्था पता लगाउन विद्यालयको अभिलेख अवलोकन तथा अध्ययन गरिएको छ । साथै निरन्तर विद्यार्थी मूल्याङकन प्रणाली कार्यान्वयन गर्ने क्रममा के कस्ता समस्याहरू शिक्षक, विद्यार्थी, विद्यालयर वि.व्य.समितिले सामना गर्नु परिरहेको छ भनी मौखिक अन्तर्वार्ता लिने काम गरिएको छ ।

## ३.६ तथ्याङक विश्लेषण प्रकृया

अवलोकन तथा अन्तर्वार्ताको क्रममा प्राथमिक र द्वितीय स्रोतबाट संकलित तथ्याङकलाई विभिन्न तालिका, चार्ट, अनुपात, प्रतिशतमा राखी त्यसको व्याख्या, विश्लेषण, विवेचना, पश्चात प्राप्त निचोडलाई निष्कर्षका रुपमा समेत प्रस्तुत गर्ने काम भएको छ । यस अध्ययनमा नमुना छनौटमा परेका विद्यालयबाट संकलित गरिएका तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकामा राखी स्तम्भचित्र, वृतचित्रको माध्यमबाट प्रस्तुत गरी त्यसको व्याख्या विश्लेषण समेत गरिएको छ ।

नमूना छनौटमा परिएका विद्यालयहरूमा स्थलगत भ्रमण गरी तोकिएको समय, मितिमा भेटघाट, अन्तर्वार्ता, अवलोकन जस्ता कार्यलाई अघि बढाउन व्यवस्थित कार्य तालिका तयार गर्ने काम भएको छ । अनुसन्धानका लागि सूचनाहरू संकलन गर्न खुल्ला प्रश्नावलीका साथै बन्द प्रश्नावलीहरू तयार गरी ती प्रश्नावलीका माध्यमबाट स्रोतव्यक्ति, प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकबाट आवश्यक सूचना सङ्कलन गरिएको छ । विद्यालयहरूबाट प्राप्त भएका सूचनाहरको आधारमा सर्वेक्षण फारमहरू प्रयोग गरी आवश्यक सूचनाहरू सङ्कलन गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल र व्याख्या

यस अध्ययनका लागि किटान गरिएकाउद्देश्यहरूलाई मुख्य केन्द्र बिन्दुमा राखी संयोगमा आधारित विधि अपनाई ६ वटा विद्यालयहरू नमूना विद्यालयका रुपमा छनौट गरी सूचनाहरू संकलन गर्न खुल्ला प्रश्नावलीका साथै बन्द प्रश्नावली तयार गरी स्वयम नमूना विद्यालयहरूको स्थलगत भ्रमण गरी विद्यालयहरूमा गई प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. का अध्यक्षसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावलीका आधारमा अन्तर्वार्ता गरी सूचना संकलन गरिएको छ । उक्त सूचनाहरूका आधारमा वर्तमान समयमा सामुदायिक विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन अवस्था सन्तोषजनक देखिएता पनि यसलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस पद्धतिको कार्यान्वयनमा देखिएका समस्याहरू समाधान गरी समाधानका उपायहरू पहिल्याउने काम भएको छ । यस अध्ययनमा ३ वटा गा.वि.स.का ६ वटा विद्यालयहरूलाई नमूना छनौट गरी ती विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगको अवस्था र निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनमा देखिएका समस्या तथा समाधानका उपायहरूलाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

यस अध्ययनको परिच्छेद एकमा " प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन " शीर्षकमा गरिएको एक अध्ययनको निम्न प्रकारका उद्देश्यहरू राखिएका छन् ।

(क) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनको अवस्था पता लगाउने ।

(ख) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रयोगमा देखिएका समस्याहरू पहिचान गर्ने ।

(ग) निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाउने उपायहरू सुझाउने ।

## ४.१ निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनको अवस्था

निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणाको विकास नेपाल सरकारले विगत केहि दशकदेखि गर्दै आएको भए पनि वि.स. २०५६/२०५७ बाट नेपालका ५ जिल्लाहरूबाट कार्यान्वयनमा आएको यो मूल्याङ्कन पद्धति पछि नवौ पञ्चवर्षीय योजना मार्फत संस्थागत भएको हो । हाल कार्यान्वयनमा रहेको त्रीवर्षीय योजनाले पनि निरन्तर विद्यार्थी मूल्याङ्कनलाई जोड दिएको छ । विद्यालयक्षेत्र सुधार कार्यक्रम (२००९) ले पनि निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई कक्षा ७ सम्म अघि बढाउने नीति लिएको देखिन्छ । यस पद्धति अनुसार कक्षा १ देखि ३ सम्म पूर्ण रुपमा निरन्तर

विद्यार्थी मूल्याङ्कनका आधारमा मूल्याङ्कन गर्ने प्रावधान रहेको छ भने कक्षा ४ र ५ को हकमा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत परीक्षा मार्फत विद्यार्थी मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ । यस प्रकारको मूल्याङ्कनलाई कक्षा ७ सम्म विस्तार गर्ने विद्यालयक्षेत्र सुधार कायृक्रम र पाठ्यक्रम प्रारुपले गरेकाले आधारभूत पाठ्यक्रम २०६८ ले विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थी कार्यसञ्चयीका राख्नु पर्ने प्रावधान गरेको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा प्राथमिक विद्यालयमा हाल सञ्चालित विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनको अवस्था कस्तो रहेछ भन्ने पक्षलाई दृष्टिगत गरी यो अध्ययनमा समावेश गरिएको छ । प्राथमिक विद्यालयमा हाल सञ्चालित विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कनको पोर्टफोलियो व्यवस्थापन, अभिलेख व्यस्थापन र उपचारात्मक शिक्षण जस्ता पक्षहरूको अवस्था के कस्तो अवस्थामा विधमान रहेको कुरा यस अध्ययनमा समावेश गरिएको छ । यस अनुसन्धानका लागि झापा जिल्ला अर्न्तगत सुदूर दक्षिणको सिमानामा पर्ने ग्रामिण क्षेत्रमा रहेका ३ वटा गा.वि.स.हरू – कुमरखोद टाघनडुब्बा र शरणामति गा.वि.स.लाई समेटिएको टाघनडुब्बा श्रोतकेन्द्र अर्न्तगतका २० वटा सामुदायिक विद्‌यालयहरू मध्ये ६ वटा सामुदायिक विद्‌यालयहरू क्रमश श्री डिल्लीराज उच्च मा.वि., श्री त्रिभुवन नि.मा.वि., श्री कुवाडी देवी नि.मा.वि., श्री जगदम्बा प्रा.वि., श्री स्वस्थानी प्रा.वि. र महेन्द्र नि.मा.वि.मा स्वयम प्रत्यक्ष रुपमा गई प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. का अध्यक्षसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावलीका आधारमा अन्तर्वार्ता गरी सूचना संकलनबाट नमूना छनौट गरिएका विद्‌यालयहरूको निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनको अवस्था यस अध्ययनमा समावेश गरिएको छ ।

तालिका २ : विद्यालयगत विद्यार्थी विवरण र कक्षागत उपलब्धि २०७०

| क्र.सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी | उर्तीण सख्या | कुल प्राप्ताङ्क | सिकाइ उपलब्धि |
|---|---|---|---|---|---|
| १ | डिल्लीराज उ.मा.वि. | ५१ | ३९ | १८९१ | ४८.४८ |
| २ | जगदम्बा प्रा.वि. | २४ | २४ | १२१५ | ५०.६२ |
| ३ | कुवाडीदेवी मा.वि. | ५३ | ४५ | २७९१ | ५२.६६ |
| ४ | त्रिभुवन नि.मा.वि. | २८ | २० | १३०२ | ४६.५० |
| ५ | महेन्द्र नि.मा.वि. | ४० | ३७ | २२६६ | ५६.६५ |
| ६ | स्वस्थानी प्रा.वि. | ४१ | ३२ | २०६५ | ५०.३६ |

एस.आई.पी २०७० बाट

यस अनुसन्धानमा झापा जिल्लाको दक्षिण क्षेत्रमा रहेको टाघनडुब्बा श्रोतकेन्द्र अर्न्तगत २० वटा विद्यालयहरू मध्ये नमूना छनौटमा परेका ६ वटा विद्यालयहरू मध्ये एउटा विद्यालय श्री डिल्लीराज उच्च मा.वि. रहेको छ, उक्त विद्यालय टाघनडुब्बा गा.वि.स.मा रहेको छ । कक्षा १ देखि १२ सम्म अध्ययन अध्यापन हुने यस विद्यालयमा वर्तमान समयमा कक्षा १ देखि ५ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन लागू भएको देखिन्छ । वि.स. २०७२ साल देखि कक्षा ६ र ७ मा समेत निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गर्ने योजना रहेको कुरा विद्यालयका प्रा.वि. इन्चार्जबाट जानकारी प्राप्त भयो । विगत ३ वर्षदेखि कार्यान्वयनमा ल्याइएको यस निरन्तर विद्यार्थी मूल्याङ्कन पश्चात यस विद्यालयको शैक्षिक उपलब्धिमा क्रमशःवृद्धि भएको यस विद्यालयबाट सङ्कलित गरिएको तथ्याङ्कबाट प्रष्ट हुन्छ ।

तालिका ३: प्राथमिक तहको सिकाइ उपलब्धिको विवरण

| विषय | सिकाइ उपलब्धि | | लक्ष्य२०७२ | कैफियत |
|---|---|---|---|---|
| | २०७० | २०७२ | | |
| नेपाली | ६७.०९ | ६८.२५ | ७० | |
| अंग्रेजी | ५९.४७ | ६०.५० | ६५ | |
| गणित | ८०.८५ | ७७.८५ | ८२ | |
| विज्ञान | ५७.८५ | ५८.५० | ६० | |
| सामाजिक | ५८.५२ | ५९.५५ | ६५ | |

*स्रोत : एस.आई.पी.(२०७१ सालको)*

उक्त माथिको तालिका अनुसार यस श्री डिल्लीराज उच्च माध्यमिक विद्यालयमा प्रा.वि.तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली २०७० साल देखि कार्यान्वयनमा आएको तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू भए पश्चात विषयगत सिकाइ उपलब्धिमा वृद्धि भएको देखिन्छ । यद्दपी यस विद्यालयका

शिक्षकहरूका लागि तयार गरिएका प्रश्नावलीहरूको विश्लेषण गर्दा यो पद्दती बोझको रुपमा दिक्क लाग्दो भएको, समय अभाव भएको र अभिलेखन गर्न गाह्रो भएको भनी भनेको पाइयो ।

नमूना छनौटमा परेका ६ वटा विद्यालयहरू मध्ये एउटा विद्यालय श्री जगदम्बा प्रा.वि.टाघनडुब्बा गा.वि.स. अर्न्तगत पर्दछ । उक्त विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन औपचारिक रुपमा २०७० साल देखि भएको देखिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू भए पश्चात यस विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि भएको तथ्य यस विद्यालयबाट प्राप्त भएको सूचनाहरूबाट पनि प्रष्ट हुन्छ । यस विद्यालयमा कक्षा १ देखि ३ सम्म पूर्ण रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारमा मूल्याङ्कन गर्ने प्रावधान रहेको छ भने कक्षा ४ र ५ को हकमा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत परीक्षा मार्फत विद्यार्थी मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ ।

तालिका ४ : प्राथमिक तह (कक्षा-३)को सिकाइ उपलब्धिको विवरण

| विषय | सिकाइ उपलब्धि | | लक्ष्य २०७२ | कैफियत |
|---|---|---|---|---|
| | २०७० | २०७२ | | |
| नेपाली | ४६.१५ | ४९.८७ | ५५ | |
| अंग्रेजी | ४१.७६ | ४३.७५ | ५० | |
| गणित | ४५.०३ | ४६.६५ | ५० | |
| विज्ञान | ५२.४७ | ५३.५५ | ५५ | |
| सामाजिक | ४४.१८ | ४५.५० | ५० | |

स्रोत – एस.आई.पी.( २०७१ सालको )

यस विद्यालयको २०७१ सालको एस.आई.पी अनुसार यस विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू भए पश्चात विषयगत सिकाइ उपलब्धिमा वृद्धि भएको देखिन्छ । साथै यस विद्यालयको उपस्थिती तथ्याङ्कलाई हेर्दा यस पद्धतिको कार्यान्वयन पश्चात विद्यार्थीहरूको उपस्थिती र नियमिततामा वृद्धि भएको पाइयो ।

यस अध्ययनको नमूना छनौटमा परेका विद्यालयहरू मध्ये श्री त्रिभुवन प्रा.वि., कुमरखोद गा.वि.स.मा पर्दछ । यस विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन विगत ३ वर्ष देखि कार्यान्वयनमा आएको तथा यस पद्धति लागू भए पश्चात

विद्यार्थीहरूको उपस्थितीमा निकै सुधार भएको कुरा यस विद्यालयबाट प्राप्त भएको सूचनाबाट प्रष्ट हुन्छ । यस विद्यालयका प्र.अ. सँग यस बारेमा जानकारी लिदा निरन्तर विद्यार्थी मूल्याङ्कन लागू भए पछि विद्यार्थीहरू नियमित उपस्थित हुने गरेको, टिफिन पछि विद्यार्थी भाग्ने समस्या न्यून भएको जानकारी प्राप्त भयो ।

तालिका ५ : प्राथमिक तहको विद्यार्थी उपस्थितीको विवरण

| कक्षा | विद्यार्थी उपस्थिती (सरदर वार्षिक) | | लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| | २०७० | २०७१ | | |
| १ | १४२ | १५४ | १७५ | |
| २ | १७६ | १७९ | १८५ | |
| ३ | १८७ | १८७ | १९५ | |
| ४ | १९१ | १९५ | २०० | |
| ५ | १९३ | १९८ | २०५ | |

*स्रोत – एस.आई.पी.( २०७१ सालको)*

यस अनुसन्धानका लागि नमूना छनौटमा विद्यालय मध्ये श्री महेन्द्र नि.मा.वि. एक हो । यो २०२० सालमा स्थापना भई शरणामति गा.वि.स.मा अवस्थित रहेको छ । हाल कक्षा १ दखि कक्षा ८ सम्म सञ्चालनमा रहेको यस विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली २०६९ सालदेखि कार्यान्वयनमा रहेको छ । यस पद्धतिको कार्यान्वयन पश्चात यस विद्यालयको कक्षागत, तहगत र विषयगत सिकाइ उपलब्धिमा वृद्धि भएको कुरा यस विद्यालयबाट प्राप्त सङ्कलन गरिएका तथ्याङ्कहरू बाट प्रष्ट हुन्छ । यस विद्यालयका शिक्षकहरूका अनुसार यो पद्धतिमा अभिलेखन गर्न समयको अभाव हुने गरेको कुरा बताए पनि यो पद्धति लागू भए पश्चात विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि भएको पाइयो।

तालिका ६ : प्राथमिक तह (कक्षा १) को सिकाइ उपलब्धिको विवरण

| विषय | सिकाइ उपलब्धि | | लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| | २०७० | २०७२ | | |
| नेपाली | ५६.१४ | ५९.१२ | ६५ | |
| अंग्रेजी | ६१.२६ | ६४.११ | ६८ | |
| गणित | ६०.३५ | ६१.४४ | ६५ | |
| विज्ञान | ५७.०३ | ५६.५५ | ६५ | |
| सामाजिक | ६१.२० | ६३.९० | ७० | |

स्रोत – एस.आई.पी.(२०७१ सालको)

उक्त माथिको तालिकालाई विश्लेषण गर्दा यस विद्यालयको विषयगत सिकाइ उपलब्धिमा वृद्धि भएको देखिन्छ ।

यस अनुसन्धानका लागि नमूना छनौटमा परेका विद्यालय मध्ये श्री कुवाडी देवी मा.वि.मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली २०६९ साल देखि कार्यान्वयनमा रहेको छ । यस विद्यालयमा कक्षा १ देखि कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा रहेको देखिन्छ । शुरुमा यस विद्यालयका शिक्षकहरूले यस मूल्याङकन पद्धतिलाई बोझ ठाने पनि वर्तमान समयमा यस मूल्याङकन पद्धतिले विद्यालयको गुणस्तर वृद्धि गर्नमा निकै सघाउ पुऱ्याएको देखिन्छ । साथै यस मूल्याङकन पद्धतिले विद्यार्थीहरूको उपस्थितीमा वृद्धि गर्नका साथै नियमिततामा समेत प्रगति भएको देखिन्छ ।

तालिका ७ : प्राथमिक तहको विद्यार्थी उपस्थितीको विवरण

| कक्षा | विद्यार्थी उपस्थिती (सरदर वार्षिक ) | | लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| | २०७० | २०७१ | | |
| १ | १४७ | १५६ | १७५ | |
| २ | १७९ | १८२ | १८५ | |
| ३ | १८९ | १८५ | १९५ | |
| ४ | १८१ | १९३ | २०० | |
| ५ | १९१ | १९४ | २०५ | |

स्रोत – एस.आई.पी.( २०७१ सालको)

प्राथमिक विद्यालयमा हाल सञ्चालित विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनको अवस्थाको के कस्तो अवस्थामा छ भनी सत्य तथ्य पता लगाउन नमूना छनौटमा परेका ६ वटा सामुदायिक विद्यालयहरूका प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष, अभिभावक र श्रोतव्यक्तिबाट छलफल, अन्तर्वार्ता आदिका आधारमा प्राप्त जानकारीहरूलाई तथ्याङ्क सहित यहाँ व्याख्या, विश्लेषण गरिएको छ ।

शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरूको सहभागिता कस्तो छ भनी शिक्षकहरूलाई सोधिएको प्रश्नमा नमूना छनौटमा परेका विद्यालयका अधिकांश शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन पश्चात शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरूको सहभागितामा उच्च सुधार भएको प्रतिक्रिया दिएको पाइयो। निरन्तर विद्यार्थी मूल्याङ्कन लागू भए पछि प्रत्येक सिकाइ उपलब्धि

विद्यार्थीहरूले हासिल गरे वा गरेनन् भनी रेकर्ड राख्नु पर्ने भएकाले शिक्षण सिकाइमा प्रत्येक विद्यार्थीलाई सक्रिय सहभागी गराउन जरुरी हुन्छ । नमूना छनौटमा परेका विद्यालयहरूका जम्मा २२ जना शिक्षकहरूसँगअन्तर्वार्ता लिदा प्रायजसो सबै शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन पश्चात शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरूको सहभागितामा सक्रियताका साथै सुधार भएको प्रतित्रिया व्यक्त गरेको कुरा प्रस्तुत तथ्यबाट पनि प्रष्ट हुन्छ ।

तालिका ८ : प्राथमिक तहको विद्यार्थी सहभागिताको स्थिति

| क.स. | प्रतिक्रियाहरू | प्रतिक्रिया जनाउने शिक्षक सख्या | स्थिति | कैफियत |
|---|---|---|---|---|
| १ | सबै विद्यार्थीहरूले सहभागिता जनाउछन् । | २ जना | अति उतम | |
| २ | २५ प्रतिशत भन्दा कम विद्यार्थीहरूले सहभागिता जनाउछन् । | ५ जना | सुधार गर्नुपर्ने | |
| ३ | २५ देखि ५० प्रतिशत विद्यार्थीहरूले सहभागिता जनाउछन् । | ५ जना | मध्यम | |
| ४ | ५० देखि ७५ प्रतिशत विद्यार्थीहरूले सहभागिता | १० जना | उतम | |

यस अध्ययनमा नमूना छनौटमा परेका विद्यालयहरूको भ्रमण गरी प्राप्त तथ्याङ्क र सूचनाहरूका आधारमा विश्लेषण गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन पश्चात विद्यार्थीहरूको उतीर्ण प्रतिशतमा समेत वृद्धि भएको पाइयो। विद्यालयहरूमा प्राप्त भएका Flash IरFlash IIको आधारमा यस विद्यालयहरूको जम्मा विद्यार्थी मध्ये अधिकाश विद्यार्थीहरू परीक्षामा सामेल भई उर्तीण भएको देखिन्छ । नमूना छनौटमा परेका विद्यालयहरूको Flash I को आधारमा २०७० सालको उतीर्ण प्रतिशतलाई यहाँ प्रस्तुत गरिएको छ ।

तालिका ९ : कक्षा ५ को उर्तीण विद्यार्थीहरूको प्राप्ताङ्क र प्रतिशत

| क्र.सं | विद्यालय | विद्यार्थी विवरण | नेपाली | अग्रेजी | गणित | विज्ञान | सामाजिक | स्थानीय |
|---|---|---|---|---|---|---|---|---|
| १ | कुवाडीदेवी नि.मा.वि. | जम्मा | ५३ | ५३ | ५३ | ५३ | ५३ | ५३ |
| | | उर्तिण | ४५ | ४७ | ४१ | ५१ | ५३ | ४५ |
| | | उ.प्रतिशत | ८४.९ | ८८.७ | ७७.३ | ९६.२ | १०० | ८४.९ |
| २ | त्रिभुवन नि.मा.वि. | जम्मा | २८ | २८ | २८ | २८ | २८ | २८ |
| | | उर्तिण | २० | २० | १५ | १५ | २० | २० |
| | | उ.प्रतिशत | ७१.४ | ७१.४ | ५३.५ | ५३.५ | ७१.४ | ७१.४ |
| ३ | डिल्लीराज उच्च मा.वि. | जम्मा | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ |
| | | उर्तिण | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| | | उ.प्रतिशत | ७६.४ | ७६.४ | ७६.४ | ७६.४ | ७६.४ | ७६.४ |
| ४ | जगदम्बा प्रा.वि. | जम्मा | २४ | २४ | २४ | २४ | २४ | २४ |
| | | उर्तिण | २४ | २४ | २४ | २४ | २४ | २४ |
| | | उ.प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | महेन्द्र वि.मा.वि. | जम्मा | ४० | ४० | ४० | ४० | ४० | ४० |
| | | उर्तिण | ३७ | ३१ | ३३ | ३३ | ४० | ३५ |
| | | उ.प्रतिशत | ९०.४ | ९०.४ | ८२.५ | ८२.५ | १०० | ८७.५ |
| ६ | स्वस्थानी प्रा.वि. | जम्मा | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ |
| | | उर्तिण | १६ | १६ | १६ | १६ | १६ | १६ |
| | | उ.प्रतिशत | ३४.७ | ३४.७ | ३४.७ | ३४.७ | ३४.७ | ३४.७ |

*Flash I२०७१ अनुसार*

नमूना छनौटमा परेका विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको अवस्था अध्ययन अनुसन्धानको क्रममा सम्बन्धित विद्यालयका अभिभावकहरूसँग प्रतिक्रिया लिदा सो पद्धतिबारे आफूहरू अनभिज्ञ रहेको तर शिक्षकहरूले गृहकार्य दिने गरेको, गृहकार्यको परिक्षण सन्तोषजनक हुन नसकेको बताउनु भएको पाइयो। यसबाट के भन्न सकिन्छ भने निरन्तर विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा अभिभावक वर्गलाई जानकारी नगराईएको देखिन्छ ।

यस अनुसन्धानका लागि नमूना छनौटमा परेका विद्यालयका कक्षा ५ का विद्यार्थीहरूको गृहकार्यको स्थिति बारे थाहा पाउन गृहकार्यहरूको स्तितिलाई सुक्ष्म रुपमा विश्लेषण गर्दा ५० देखि ६० प्रतिशत विद्यार्थीहरूले गृहकार्य गरेर ल्याउने गरेको देखियो । यस अध्ययनबाट गृहकार्यको स्थिति त्यति सन्तोषजनक देखिदैन ।

यस अनुसन्धानका लागि नमूना छनौटमा परेका विद्यालयका प्र.अ.लाई निरन्तर विद्यार्थी मूल्याङ्कनको अवस्था तथा पोर्टफोलियोको प्रयोग बारे बुझ्दा प्राय सबै विद्यालयका प्र.अ.हरूले सकारात्मक उतर दिएको पाइयो। नमूना छनौटमा परेका विद्यालयमा प्रा.वि. तहका सबै शिक्षकहरूले निरन्तर विद्यार्थीमूल्याङ्कनको

अभिलेख राख्ने गरेको तथा पोर्टफोलियोको प्रयोग हुने गरेको कुरा प्र.अ.हरूले प्रतिक्रिया दिएको पाइयो।

## ४.२ निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रयोगमा देखिएका समस्याहरू

प्राथमिक विद्यालयमा हाल सञ्चालित विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रयोगमा देखिएका समस्याहरू के के रहेछ भन्ने पक्षलाई दृष्टिगत गरी यो अध्ययनमा समावेश गरिएको छ । यस अनुसन्धानमा ६ वटा विद्यालयहरूलाई नमूनाको रुपमा लिइएको छ भने प्रत्येक विद्यालयको प्र.अ. , दुई जना शिक्षकहरू , ५ जना विद्यार्थीहरू , एकजना वि.व्य.स.का अध्यक्ष र एक जना श्रोतव्यक्तिलाई नमुना जनसंख्याको रुपमा लिई अनुसन्धानका लागि सूचनाहरू संकलन गर्न प्र.अ.का लागि १० वटा , शिक्षकका लागि १० वटा , विद्यार्थीका लागि १० वटा , श्रोतव्यक्तिका लागि ५ वटा , वि.व्य.स.का अध्यक्षका लागि ५ वटा प्रश्नका आधारमा अन्तर्वार्ता लिइएको छ । अनुसन्धानका लागि सूचनाहरू संकलन गर्न खुल्ला प्रश्नावलीका साथै बन्द प्रश्नावलीको आधारमा विश्लेषण गर्दा यस अनुसन्धानमा नमुना छनौटमा परेका जनसंख्याले यस निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रयोगको सम्बन्धमा सकारात्मक उतर दिएको पाईएता पनि कतिपय प्र.अ. तथा शिक्षकहरूबाट यस पद्धतिको प्रयोगमा कैयौ समस्याहरू झेल्नु परेको बताएका छन । शिक्षकहरूका लागि तयार गरिएका प्रश्नावलीहरूको विश्लेषण गर्दा शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनमा विभिन्न समस्याहरू सामना गर्नु परेको कुरा अगाडी सारेको पाइयो। यस अनुसन्धानमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको प्रयोगमा देखिएका समस्याहरूप्र.अ. र शिक्षकहरूका लागि तयार गरिएका प्रश्नावलीका आधारमा तल प्रस्तुत गरिएको छ ।

तालिका १० : निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा देखिएका समस्याहरू

| क.सं. | शिक्षकको नाम | पद | विद्यालय | निरन्तर,विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा देखिएका समस्याहरू |
|---|---|---|---|---|
| १ | भगदेव राजबशी | प्र.अ. | डिल्लीराज उच्च मा.वि. | समय अभाव भएको, तालिमको अभाव भएको ।विद्यार्थी चाप बढी भएको । |
| २ | भारती मल्लिक | शिक्षक | " | दिक्क लाग्दो, अभिलेखन गर्न निकै समस्या भएको । |
| ३ | सीताराम यादब | प्र.अ. | त्रिभुवन नि.मा.वि. | आवधिक परीक्षासँग समायोजन गर्न गाह्रे भएको । |
| ४ | लक्ष्मी गणेश | शिक्षक | " | प्रत्येक विद्यार्थीहरूलाई निगरानी गर्न समस्या भएको । |
| ५ | सुन्दर बेश्रा | प्र.अ. | जगदम्बा प्रा.वि. | विद्यार्थीहरूको नियमित उपस्थितिमा समस्या भएको । |
| ६ | जमूना खत्री | शिक्षक | " | समय अभाव भएको । |
| ७ | मदन राजबशी | प्र.अ. | कुवाडीदेवी नि.मा.वि. | कक्षा शिक्षण र निरन्तर मूल्याङ्कन एकै शिक्षकबाट गर्नु पर्दा समस्या भएको । |
| ८ | मुकेश कर्ण | शिक्षक | " | विद्यार्थी अनियमितता |
| ९ | ह्रेम शर्मा | प्र.अ. | स्वस्थानी प्रा.वि. | समय अभाव भएको । निरन्तर रुपमा अभिलेखन गर्न गाह्रे भएको । |
| १० | लक्ष्मी प्रसाई | शिक्षक | " | आफूले पढाउने सबै विषयको निरन्तर अभिलेख तयार गर्न गाह्रे भएको । |
| ११ | भीम गणेश | प्र.अ. | महेन्द्र नि.मा.वि. | बढी विद्यार्थी भएको कक्षामा सन्चालन गर्न समस्या भएको । |
| १२ | ओमप्रकास चौधरी | शिक्षक | " | समय अभाव भएको, |

*स्रोत - प्र.अ. तथा शिक्षकहरूबाट प्राप्त प्रतिक्रिया, २०७२*

माथिको तालिकाको आधारमा विश्लेषण गर्दा यस अनुसन्धानमा नमूना छनौटमा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरूसँग गरेको अन्तर्वार्ता अनुसार कक्षाकोठामा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगमा निकै समस्याहरू सामना गर्नु परेको देखिन्छ । विद्यार्थी चापँ बढी भएको विद्यालयहरूमा यसको कार्यान्वयन गर्न झन समस्या भएको कुरा प्राय शिक्षकहरू बताउने गरेको पाइयो। प्राय नमूना छनौटमा परेका सबै विद्यालयका प्र.अ. तथा शिक्षकहरूले समय अभाव भएको , आफूले पढाउने सबै विषयको निरन्तर रुपमा अभिलेख तयार गर्न गाह्रे भएको कुरा स्वीकार गरेको पाइयो। एउटै शिक्षकले कक्षा शिक्षण र निरन्तर मूल्याङ्कन गर्नु पर्दा समय अभाव भएको , विद्यार्थीहरूको नियमित उपस्थिति नभएकोले पनि

निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगमा निकै समस्या खडा भएको देखिन्छ । यसरी वर्तमान समयमा निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्रभावकारीता ल्याउन नसक्नुमा विद्यालयमा शिक्षक दरबन्दी कम हुनु , तालिम प्राप्त शिक्षकको अभाव हुनु , यस पद्धतिको प्रयोगमा शिक्षकहरू उदासिनता देखिनु , यसलाई शिक्षकहरूले बोझको रुपमा लिनु , आदी यस पद्धतिको प्रयोगका देखिएका समस्या देखिएका छन ।

## ४.३ निरन्तर विद्यार्थीमूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाउने उपायहरू

यस अनुसन्धानमा नमूना छनौटमा परेका विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयनमा झेल्नु परेका तथ्यहरू दृष्टिगत गरी ती समस्याहरूको समाधानका उपायहरू पता लगाउन नमूना छनौटमा परेका विद्यालयहरूका प्र.अ., शिक्षकहरू, विद्यार्थीहरू, वि.व्य.स.का अध्यक्षहरू, र श्रोतव्यक्तिलाई सहभागी गराईएको छ । तीनै सहभागीहरूबाट प्राप्त प्रतिक्रियाका आधारमा निरन्तर विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्याहरू केलाई यस पद्धतिलाई प्रभावकारी बनाउने उपायहरू यहा उल्लेख गरिएको छ ।

यस निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई प्रभावकारी ढङ्गबाट लागू गर्न र निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगमा देखिएका समस्याहरू समाधान गर्न प्राथमिक तहका शिक्षकहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिसम्बन्धी तालिमको व्यवस्था गर्न जरुरी देखिन्छ । बढी विद्यार्थी भएका विद्यालयहरूमा शिक्षक दरबन्दीको सख्या बढाउनु पर्दछ , शिक्षकहरूलाई यस पद्धतिको कार्यान्वयनमा उत्प्रेरित गर्नुपर्दछ , शिक्षकहरूको पिरियड घटाएर भए पनि यस पद्धतिको प्रयोगमा शिक्षकहरूलाई सक्रिय गराउनु पर्दछ , निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था बारे समय समयमा प्र.अ., व्यवस्थापन समिति र श्रोतव्यक्तिबाट अनुगमन, निरीक्षण गरी शिक्षकलाई आवश्यक पृष्ठपोषण दिनुपर्दछ ।

यस अनुसन्धानमा नमूना छनौटमा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरूसँग गरेको अन्तर्वार्ता अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगमा देखिएका समस्याहरू बुदागत रुपमा उल्लेख गरी समस्या समाधानका उपायहरू व्याख्या गरिएको छ ।

**समय अभाव भएको**

यस अनुसन्धानमा नमूना छनौटमा परेका विद्यालयका प्राय सबै प्र.अ. तथा

शिक्षककहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनको अभिलेखन गर्न समय अभाव भएको बताएको पाइन्छ । यस समस्या समाधानका लागि विद्यालय व्यवस्थापन समिति र श्रोतव्यक्तिसँग छलफल गर्दा शिक्षककहरूको पिरियड घटाएर भए पनि यस पद्धतिको प्रयोगमा शिक्षककहरूलाई सक्रिय गराउनु पर्ने कुरामा जोड दिएको देखिन्छ ।

**तालिम प्राप्त शिक्षकको अभाव**

नमूना छनौटमा परेका विद्यालयका कतिपय प्र.अ. तथा शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग प्रभावकारी हुन नसक्नुको कारण शिक्षकहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिमको अभाव हुने कुरा स्वीकार गरेका छन । यस समस्या समाधानका लागि प्राथमिक तहमा अध्ययन अध्यापन गराउने सम्पूर्ण शिक्षकहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिसम्बन्धी तालिमको व्यवस्था गर्न जरुरी देखिन्छ ।

**आवधिक परीक्षासँग समायोजन गर्न समस्या**

यस अध्ययनको क्रममा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनमा देखिएका समस्याहरू मध्ये एउटै विद्यार्थीको आवधिक परीक्षा पनि हुने तथा त्यहीविद्यार्थीको निरन्तर मूल्याङ्कन पनि गर्नु पर्ने भएकोले दुबै प्रकारको मूल्याङ्कनलाई समायोजन गर्न गाह्रो भएको कतिपय शिक्षकहरूको भनाई रहेको पाइयो। यस समस्या समाधानका लागि निरन्तर मूल्याङ्कनमा कमजोर देखिएका विद्यार्थीहरूलाई थप उपचारात्मक शिक्षण गरेर आवधिक परीक्षासँग समायोजन गर्न सकिन्छ ।

**विद्यार्थीहरूको नियमित उपस्थितिमा समस्या**

ग्रामिण क्षेत्रका अधिकाश सामुदायिक विद्यालयका विद्यार्थीहरू गरीब र कृषकका छोराछोरी भएकोले खेतीको समयमा आफ्नाअभिभावकलाई खेतीको समयमा विद्यार्थीहरूसघाउन जाने गर्दछन र यसबाट विद्यालयमा विद्यार्थीहरूको नियमित उपस्थिती न्यून हून गई निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगमा समस्या खडा भएको छ । यस समस्या समाधानका लागि नियमित उपस्थित नहुने विद्यार्थीहरूको अभिभावकसँग छलफल र अर्न्तक्रिया गरेर समाधान गर्न सकिन्छ ।

**बढी चाँप भएको कक्षामा सन्चालन गर्न समस्या**

ग्रामिण क्षेत्रका कतिपय विद्यालयहरूमा विद्यार्थीहरूको सख्या अत्याधिक भएकोले पनि निरन्तर विद्यार्थी मूल्याङ्कनको कायान्वयन गर्न समस्या भएको देखिन्छ । यस समस्या समाधानका लागि विद्यार्थी सख्या बढी भएका विद्यालयहरूमा शिक्षक सख्या बढाएर, कक्षामा सेक्सन विभाजन गरेर पनि समस्या समाधान गर्न सकिन्छ ।

**निरन्तर विद्यार्थी मूल्याङ्कनको अभिलेखन राख्न समस्या**

एउटै शिक्षकले कक्षा शिक्षण र निरन्तर मूल्याङ्कन गर्नु पर्दा समय अभाव भई निरन्तर मूल्याङ्कनको अभिलेखन गर्न समय नै नहुने गरेको प्राय शिक्षकहरूको प्रतिक्रिया पाइन्छ । यस समस्या समाधानका लागि शिक्षकले लिजर घण्टीमा निरन्तर मूल्याङ्कनको अभिलेखनको कार्य गर्ने, छुट्टीको समयमा शिक्षकहरूफुर्सत निकालेर यस समस्याको समाधान गर्न सकिन्छ ।

**निरीक्षण, अनुगमन**

विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन पक्ष के कस्तो अवस्थामा रहेको छ सो कुराको समय समयमा प्र.अ.,श्रोतव्यक्ति , वि.व्य.स.को पदाधिकारीहरू, र वि.नि.बाट निरीक्षण, अनुगमन गरी शिक्षकलाई आवश्यक सुझाव, सल्लह र सहयोग गर्नुपर्ने देखिन्छ ।

Benzamin Bloom को यस टेक्सोनोमी सिद्धान्तले निर्माणात्मक मूल्याङ्कनबाट शिक्षक विद्यार्थीमा पृष्ठपोषण आदानप्रदान गर्न सकिने, मूल्याङ्कन नियमित र निरन्तर हुने , शिक्षक निर्मित परीक्षा, श्रेणीमापन जस्ता साधनहरूको प्रयोग गरी निरन्तर मूल्याङ्कन हुने विशेषताहरू उल्लेख गरेको छन ब्लूमको यस टेक्सोनोमी सिद्धान्तसँग प्रस्तुत अध्ययन लाई तुलना समेत गर्न सकिन्छ ।

## ४.४ प्राप्ति

यस अनुसन्धानात्मक अध्ययनमा वर्तमान समयमा प्राथमिक विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कनको अवस्था, उक्तमूल्याङ्कन पद्धति कार्यान्वयन गर्दा झेल्नु परेका समस्याहरू , तथा ती समस्याहरू समाधानका उपायहरू र निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाउने उपायहरूबारे प्रस्तुत गरिएको छ । यस अनुसन्धानको नमूना छनौटमा परेका

विद्यालयहरूमा कक्षा ५ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पूर्ण रुपमा लागू भएको पाइयोतर कतिपय नि.मा.वि.र मा.वि.तहका विद्यालयहरूमा कक्षा ६ र ७ मा निरन्तर विद्यार्थी मूल्याङ्कन त्यति प्रभावकारी रुपमा प्रयोग भएको पाइएन । यस मूल्याङ्कन पद्धतिको कार्यान्वयनमा विद्यालयका प्र.अ.र शिक्षकहरू सक्रिय रुपमा लागेको देखिएता पनि विद्यालय व्यवस्थापन समिति, अभिभावक र विद्यार्थी वर्गहरू यस पद्धति प्रति अनभिज्ञ र उदासिन रहेको पाइयो । यस मूल्याङ्कन पद्धतिको कार्यान्वयनमा विद्यालयका प्र.अ.तथा श्रोतव्यक्तिबाट निरन्तर रुपमा अनुगमन र निरीक्षण भएकोले पनि यसको प्रभावकारी कार्यान्वयन भएको देखिन्छ ।

**निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था**

नमूना छनौटमा परेका विद्यालयहरूको निरन्तर विद्यार्थी मूल्याङ्कनको अवस्थाबारे विश्लेषण गर्दा सबै विद्यालयहरूमा यो मूल्याङ्कन प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भएको पाइयो। सबै विद्यालयमा तयार गरिएकानिरन्तर विद्यार्थी मूल्याङ्कनको अभिलेख पुस्तिका र पोर्टफोलियालाई हेर्दा यसको कार्यान्वयन प्रभावकारी रुपमा भएको देखिन्छ । विद्यालयका प्र.अ. तथा शिक्षकहरूले निकै मेहनत गरेर अभिलेखन गर्ने गरेको पाइन्छ , तर यसको प्रभावकारी कार्यान्वयनमा विद्यालय व्यवस्थापन समिति,विद्यार्थी र अभिभावकहरू अनभिज्ञ र उदासिन रहेको पाइयो ।

यस अध्ययनमा नमूना छनौटमा परेका ६ वटा विद्यालयहरू मध्ये २ वटा विद्यालयहरू कुमरखोद गा.वि.स. का श्री कुवाडी देवी मा.वि.र श्री त्रिभुवन नि.मा.वि., टाघनडुब्बा गाविसका श्री डिल्लीराज उच्च मा.वि.र श्री जगदम्बा प्रा.वि., त्यस्तै शरणामति गाविसका श्री महेन्द्र नि.मा.वि.र श्री स्वस्थानी प्रा.वि.छनौट गरिएको थियो । यस निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगको अवस्था बारे नमूना छनौटमा परेका ६ वटा विद्यालयहरूको स्थलगत भ्रमण गरी विद्यालयबाट प्राप्त तथ्याङ्क र सूचनाहरू तथा विद्यालयसँग सरोकार राख्ने प्र.अ.,श्रोतव्यक्ति, शिक्षक, अध्यक्ष र विद्यार्थीहरूसँग गरेको छलफल र अन्तर्वार्ताका आधारमा विश्लेषण गर्दा सबै विद्यालयहरूमा यस मूल्याङ्कन पद्धतिको प्रयोग प्रभावकारी रुपमा भएको पाइयो। निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू भए पश्चात नमूना छनौटमा परेका ६ वटा विद्यालयहरू विषयगत सिकाइ

उपलब्धिमा वृद्धि भएको, विद्यार्थीहरूको नियमित उपस्थितीमा निकै सुधार भएको तथा शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरूको सहभागितामा उच्च सुधार भएको प्रतिक्रिया प्रायः सबै विद्यालयबाट पाएको देखियो । सबै विद्यालयहरूमा निरन्तर मूल्याङ्कनको अभिलेख र पोर्टफोलियो अभिलेख अधावधिक गरेर राख्ने गरेको पाइयो ।

नमूना छनौटमा परेका ६ वटा विद्यालयहरू मध्ये सबै विद्यालयहरूमा आधारभूत तह सम्म निरन्तर मूल्याङ्कन र पोर्टफोलियोको प्रयोग कार्यान्वयनमा रहेको पाइएता पनि श्री डिल्लीराज उच्च माध्यमिक विद्यालयको कक्षा ६,७ मा उक्त पद्धतिको कार्यान्वयन भएको पाईएन । यस बारेमा विद्यालय प्रशासनसँग बुझ्दा कक्षा ६ र ७ मा अत्याधिक विद्यार्थी सख्या भएकोले उक्त पद्धति लागू गर्न समस्या भएको प्रतिक्रिया प्राप्त भयो । यस निरन्तर मूल्याङ्कन र पोर्टफोलियोको प्रयोग कार्यान्वयनमा प्रभावकारीता ल्याउन विद्यालयसँग सरोकार राख्ने विद्यालय व्यवस्थापन समिति, विद्यार्थी र अभिभावक वर्गलाई पनि यस पद्धति बारे जानकारी गराउन जरुरी देखिन्छ । यसका लागि विद्यालय पक्षबाट शैक्षिक सत्रको शुरुमै विद्यालयसँग सरोकार राख्ने सम्पूर्ण पक्षहरूलाई विद्यालयमा बोलाई अर्न्तक्रिया कार्यक्रम गर्न आवश्यक देखिन्छ ।

**निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोगमा देखिएका समस्याहरू**

यस अनुसन्धानमा नमूना छनौटमा परेका ६ वटा विद्यादयहरूको स्थलगत भ्रमण गरी खुल्ला तथा बन्द प्रश्नावलीका आधारमा विद्यालयका श्रोतव्यक्ति, अध्यक्ष प्र.अ.,शिक्षकलाई सोधिएका प्रश्नको विश्लेषण गर्दा उक्त ६ वटै विद्यालयहरूमा निरन्तर मूल्याङ्कन र पोर्टफोलियोको प्रयोग भएको देखिएता पनि कतिपय प्र.अ. तथा शिक्षकहरूबाट यस पद्धतिको प्रयोगमा कैयौ समस्याहरू झेल्नु परेको बताएका छन ।नमूना छनौटमा परेका ६ वटा विद्यादयहरूका १२ जना प्र.अ. र शिक्षकहरूको कुराकानीबाट यस निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनमा विभिन्न समस्याहरू सामना गर्नु परेको कुरा अगाडी सार्ने गरेका छन्, ती समस्यमहरूलाई बुदाँगत रुपमा तल प्रस्तुत गरिएको छ ।

कक्षा संचालनकै साथै निरन्तर मूल्याङ्कन गर्नुपर्ने भएकोले समय अभाव,

बढी विद्यार्थी सख्या भएको कक्षामा प्रयोग समस्या,

विद्यार्थीहरूको नियमित उपस्थित नहुनु,

आफूले पढाउने सबै विषयको निरन्तर अभिलेख तयार गर्न गाह्रो,

कक्षा शिक्षण र निरन्तर मूल्याङ्कन एकै शिक्षकबाट गर्नु पर्दा समस्या,

प्रत्येक विद्यार्थीहरूलाई निगरानी र अभिलेख तयार गर्न समस्या,

निरन्तर मूल्याङ्कन सम्बन्धी तालिमको अभाव,

शिक्षकहरूले यसलाई बोझ सम्झनु,

विद्यालयहरूमा शिक्षक दरबन्दि सख्या कम हुनु,

एउटै विद्यार्थीका आवधिक परीक्षा र निरन्तर मूल्याङ्कन गर्नुपर्ने भएकोले दुबै प्रकारको मूल्याङ्कनलाई समायोजन गर्न समस्या ।

वर्तमान समयमा हाम्रा विद्यालयहरूमा विधमान आवधिक मूल्याङ्कन प्रणाली अर्थात परीक्षामुखी मूल्याङ्कन प्रणाली अङ्गीकार गरेको देखिन्छ । तर यस मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको र शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकसित हुन नसकेको औंल्याउने गरेको पाइन्छ । परीक्षामुखी मूल्याङ्कन प्रणालीले धेरै प्रकारका विकृतिहरू पनि जन्माएको छ । यसमा कक्षा चढाउन गृहकार्य , कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, सामूहिक क्रियाकलाप जस्ता क्रियाकलापलाई समावेश गरिएको छैन । तर हाल निरन्तर मूल्याङ्कन पद्धतिलाई अङ्गीकार गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि विविध प्रयासहरूगरीदै आएको छ । यति हुँदा हुँदै भए पनि यसको कार्यान्वयनमा विभिन्न समस्याहरू देखिएकाले यसको प्रभावकारी प्रयोग हुन सकेको छैन । अतः विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण तथा कार्यान्वयन गर्ने र सिकारुलाई प्रतिस्पर्धी समाजमा सहज रुपमा समायोजन गर्न सक्ने गरी व्यवस्थित गरीनुपर्ने यर्थाथ छ, जुन धेरै चुनौतीपूर्ण पनि छ । यस अनुसनधानको क्रममा देखिएका निरन्तर मूल्याङ्कन कार्यान्वयन सम्बन्धी समस्याहरूलाई समाधानका उपायहरू पनि पहिल्याउने काम गरिएको छ ।

**निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगमा देखिएका समस्यासमाधानका उपायहरू**

निरन्तर विद्यार्थी मूल्याङ्कन लाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा लिइएको छ । यसमा शिक्षकले सिकारुको केवल ज्ञानात्मक पक्ष मात्रको लेखाजोखा

गर्दैन, बरु सिकारुमा भएका सीपहरूको लेखाजोखा गरिन्छ । सिकारु स्वयम र अन्य व्यक्तिहरूको समूहमा सक्रिय रुपमा कार्य गर्न , सिक्न सक्छ वा सक्दैन, आफ्नो सिकाइ प्रक्रियामा सक्रिय रुपमा सहभागी हुन सक्छ वा सक्दैन, सिक्नका लागि सिकाइको वातावरणमा कार्य गर्छ वा गर्दैन, व्यक्तिगत तथा सामाजिक जीवनमा आईपर्ने समस्या समाधानमा सिकारु सक्रिय रुपमा सम्लग्न हुन सक्छ वा सक्दैन, तर्क, समालोचना, कारण, औचित्यका आधारमा आफना विचारहरू राख्ने र समस्या समाधान गर्ने कार्यमा निरन्तर रुपमा लागि पर्छ वा पर्दैन भन्ने पक्षहरूको मूल्याङ्कन गर्ने कार्य निरन्तर विद्यार्थी मूल्याङ्कनमा गरिन्छ । यसरी यसमा प्रत्येक विद्यार्थीको सिकाइका सम्बन्धमा घनीभूत रुपमा वास्तविक अवस्था पहिचान हुने भए पनि यसको कार्यान्वयन पक्ष कमजोर रहेको यस अध्ययनले पुष्टि गरीसकेको छ तथा यसको कार्यान्वयनमा विभिन्न समस्याहरू खडा भएको देखिन्छ । यहा तीनै समस्याहरूको निदान खोज्ने काम भएको छ ।

वर्तमान समयमा विद्यार्थीहरूको सिकाइ उपलब्धिमा वृद्धि गर्दै लैजान तथा शैक्षिक गुणस्तरमा सुधार गर्न, निष्पक्ष परीक्षा प्रणालीको विकास गर्दै परीक्षालाई पाठयक्रमद्वारा निर्दिष्ट सिकाइ उपलब्धि हासिल गराउन र शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न  निरन्तर मूल्याङ्कन प्रणालीलाई कोसेढुङ्गाको रुपमा लिएको देखिन्छ । यसैले यस निरन्तर मूल्याङ्कनको कार्यान्वयनमा देखा परेका समस्याहरूलाई समयमै समाधान गर्न नसकिएमा यसको प्रभावकारी कार्यान्वयन गर्न सकिदैन । अतः यस अनुसन्धानमा निरन्तर मूल्याङ्कन प्रणालीमा देखिएका समस्याहरूलाई नमूना छनौटमा परेका ६ वटै विद्यालयका श्रोतव्यक्ति, अध्यक्ष, प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरूसँग छलफल गरी समाधानका उपायहरू पहिल्याउने काम गरिएको छ ।

यस अनुसन्धानमा नमूना छनौटमा परेका ६ वटै विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी समस्याहरू केलाउदा कक्षा संचालनका साथै निरन्तर मूल्याङ्कन गर्नुपर्ने भएकोले समय अभाव भएको , बढी विद्यार्थी सख्या भएको कक्षामा प्रयोग गर्न समस्या भएको , विद्यार्थीहरूको नियमित उपस्थित नहुने समस्या भएको, आफूले पढाउने सबै विषयको निरन्तर अभिलेख तयार गर्न गाह्रे भएको , कक्षा शिक्षण र निरन्तर मूल्याङ्कन एकै शिक्षकबाट गर्नु पर्दा समस्या

भएको , प्रत्येक विद्यार्थीहरूलाई निगरानी र अभिलेख तयार गर्न समस्या भएको , निरन्तर मूल्याङ्कन सम्बन्धी तालिमको अभाव भएको , शिक्षकहरूले यसलाई बोझ सम्झनु ,विद्यालयहरूमा शिक्षक दरबन्दि सख्या कम हुनु,एउटै विद्यार्थीको आवधिक परीक्षा र निरन्तर मूल्याङ्कन गर्नुपर्ने भएकोले दुबै प्रकारको मूल्याङ्कनलाई समायोजन गर्न समस्या आदि समस्याहरू नमूना छनौटमा परेका विद्यालयका श्रोतव्यक्ति, प्र.अ., अध्यक्ष, शिक्षक,विद्यार्थी आदिबाट तथ्य सङ्कलन गरिएको देखिन्छ । यी समस्याहरूलाई समाधानका उपायहरूबुँदागत रुपमा यहाँ उल्लेख गरिएको छ ।

**कक्षा संचालनकै साथै निरन्तर मूल्याङ्कन गर्नुपर्ने भएकोले समय अभाव भएको**

नमूना छनौटमा परेका यस अध्ययनका लागि छानिएका विद्यालयहरूका प्र.अ. तथा शिक्षकहरूसँगगरिएकोअन्तर्वार्ता र छलफलमा प्राय सबै शिक्षकहरूले विद्यार्थीको निरन्तर मूल्याङ्कनका लागि समय अभाव हुने गरेको प्रतिक्रिया दिएको पाइन्छ । वास्तवमा एउटै शिक्षकले दिनभरी कक्षा सन्चालन पनि गर्नु पर्ने र विद्यार्थीको निरन्तर मूल्याङ्कनको अभिलेख पनि तयार गर्नुपर्ने भएकाले समय नपुगेको देखिन्छ । यस समस्या समाधानका लागि प्र.अ. तथा शिक्षकहरूसँग अन्तर्वार्ता लिदा यस समस्याको समाधानका लागि शिक्षकहरूले लिजर पिरीयडमा निरन्तर मूल्याङ्कनको अभिलेख तयार गर्नमा जोड दिनुपर्ने कुरा औंल्याएको पाइयो।

**बढी विद्यार्थी सख्या भएको कक्षामा प्रयोग गर्न समस्या भएको**

नमूना छनौटमा परेको श्री डिल्लीराज उच्च मा.वि. मा कक्षा ६ र७ मा निरन्तर मूल्याङ्कनको अभिलेख नराखेको पाइयो। यस बारेमा विद्यालयका प्र.अ.सँग सोधनी गर्दा विद्यार्थी चाँच बढी भएकाले उक्त समस्या आएको प्रतिक्रिया पाइयो।यस समस्याको समाधानका लागि उक्त विद्यालयका प्र.अ. सँग छलफल गर्दा विद्यार्थी अनुपातका शिक्षक दरबन्दि भएमा उक्त समस्या समाधान हुने कुरा बताउनुभयो ।

**विद्यार्थीहरूको नियमित उपस्थित नहुने समस्या**

ग्रामीण क्षेत्रमा रहेका प्राय जसो सामुदायिक विद्यालयहरूमा गरीब तथाा कृषकका बालबालिकाहरू अध्ययन गर्न आउने गर्दछन । खेतीको समयमा ती

बालबालिकाहरूले आफ्ना अभिभावकहरूलाई खेतीपातीमा सघाउनु पर्ने भएकाले विद्यार्थीहरूको नियमित उपस्थित नहुने समस्या रहेको पाइयो। यस समस्याको निराकरणका लागि सम्बन्धित विद्यालयका प्र.अ. तथा शिक्षकहरूसँग छलफल गर्दा यसका लागि शैक्षिक सत्रको शुरुमै सम्पूर्ण अभिभावक वर्गलाई विद्यालयमा बोलाई अर्न्तक्रिया गरेर समस्या समाधान गर्न सकिने कुरा औंल्याएको पाइयो।

**आफूले पढाउने सबै विषयको निरन्तर अभिलेख तयार गर्न गाह्रो भएको**

यस अध्ययनमा नमूना छनौटमा परेका विद्यालयहरूका प्राय सबै विद्यालयका शिक्षकहरूले आफूले पढाउने सबै विषयको निरन्तर अभिलेख तयार गर्न गाह्रो भएको कुरा स्वीकार गरेका छन । यस समस्या समाधानका लागि शिक्षकहरूकै प्रतिक्रिया लिदा सबै शिक्षकहरूले कक्षा पिरीयड घटाएर यस समस्याको समाधान गर्न सकिने प्रतिक्रिया दिएका छन ।

**प्रत्येक विद्यार्थीहरूलाई निगरानी र अभिलेख तयार गर्न समस्या भएको**

विद्यालयका शिक्षकहरूका लागि तयार गरिएका बन्द र खुल्ला प्रश्नावलीका आधारमा शिक्षकहरूले समयको अभाव देखाई सबै विद्यार्थीहरूलाई व्यक्तिगत रुपमा निगरानी गर्न समस्या भएको पाइन्छ । यस समस्याको समाधानका लागि विद्यालयका प्र.अ., व्यवस्थापन समिति र शिक्षकहरूको संयुक्त बैठक बसी शिक्षकहरूलाई थप सुविधा दिएर भए पनि शिक्षकहरू बाटै प्रत्येक विद्यार्थीहरूको मूल्याङ्कन अभिलेख तयार गर्नपर्ने कुरामा जोड दिएको पाइयो।

**निरन्तर मूल्याङ्कन सम्बन्धी तालिमको अभाव**

निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन पक्ष कमजोर रहेको तर्क विभिन्न अध्ययनले पुष्टि गरीसकेको छ । यस अनुसन्धानात्मक अध्ययनले पनि निरन्तर विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा तालिमको कमी भएको र यो मूल्याङ्कन सस्थागत हुन नसकेको प्रष्ट भएको छ । यस सम्बन्धमा नमूना छनौटमा परेका ६ वटै विद्यालयका प्र.अ.तथा शिक्षकहरूसँग छलफल गर्दा निरन्तर विदद्यार्थी मूल्याङ्कनका सम्बन्धमा तालिम कोर्ष विकास गरी क्रमश: यसको कार्यान्वयनमा जोड दिनुपर्ने निर्ष्कष निकालेको देखिन्छ ।

**शिक्षकहरूले यस पद्धतिलाई बोझ सम्झनु**

यस अध्ययनको क्रममा शिक्षकहरूले यस निरन्तर विद्यार्थी मूल्याङ्कन

पद्धतिलाई थप बोझको रुपमा बताउने गरेको देखिन्छ । वास्तवमा शिक्षकहरूले दिनभरी आफ्ना कक्षाहरूमा अध्ययन अध्यापन गर्नुपर्ने तथा थप निरन्तर मूल्याङ्कनको अभिलेख तयार गर्नुपर्ने भएकोले शिक्षकहरूले यसलाई दिक्कलाग्दो र बोझको रुपमा लिएको देखिन्छ । यस समस्या समाधानका लागि छलफल गर्दा शिक्षक स्वयमले यस पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि सक्रिय रुपमा लाग्नु पर्ने कुरा निर्ष्कष निकालेको देखिन्छ ।

**एउटै विद्यार्थीको आवधिक परीक्षा र निरन्तर मूल्याङ्कन गर्नुपर्ने भएकोले दुबै प्रकारको मूल्याङ्कनलाई समायोजन गर्न समस्या**

वर्तमान समयमा सामुदायिक विद्यालयहरूमा विद्यार्थी मूल्याङ्कनका लागि आवधिक परीक्षा र निरन्तर मूल्याङ्कन दुबै प्रकारको मूल्याङ्कन गरेको देखिन्छ । यस अध्ययनमा समावेश गरिएका ६ वटै छनौट विद्यालयहरूमा दुबै प्रकारको मूल्याङ्कन गरेको पाइयो । नमूना छनौटमा परेका ६ वटै विद्यालयहरूमा कक्षा १-३ को समेत दुबै प्रकारको मूल्याङ्कन गरेको पाइयो। यसैले दुबै प्रकारको मूल्याङ्कनलाई समायोजन गरेर लैजान समस्या खडा भएको कुरा शिक्षकहरूबाट आएको देखिन्छ । यस समस्या समाधानका लागि निरन्तर मूल्याङ्कनमा कमजोर देखिएका विद्यार्थीहरूलाई थप उपचारात्मक शिक्षण गरेर आवधिक परीक्षासँग समायोजन गर्न सकिने, आवधिक परीक्षामा कमजोर देखिएका विद्यार्थीको केहि समय पश्चात पुनः परीक्षा लिएर समायोजन गर्न सकिने निर्ष्कष निकालेको पाइन्छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

यस अनुसन्धानात्मक अध्ययनमा निरन्तर विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा प्राथमिक विद्यालयमा हाल सञ्चालित विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनको अवस्था कस्तो रहेछ , विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिकोप्रयोगमा देखिएका समस्याहरू के के रहेछ , तथा यस पद्धतिकोप्रयोगमा देखिएका समस्याहरूको समाधानका उपायहरू के के हुन सक्दछ , आदि पक्षहरूलाई विद्यालयसँग सरोकार राख्ने श्रोतव्यक्ति, प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी आदिबाट तथ्याङ्क प्राप्त गरी त्यसको विश्लेषण सहित यस अध्ययनमा सुझाउन प्रयास गरिएको छ । यस अध्ययनको मुख्य सारांश , निष्कर्ष तथा सुझावहरू उल्लेखित उद्देश्यहरूकै आधारमा शीर्षक छुट्टयाई तल प्रस्तुत गरिएको छ ।

## ५.१ निर्ष्कष

निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणाको अध्यास नेपाल सरकारले विगत केहि दशक देखि गर्दै आएको भए पनि नवौ पञ्चवर्षीय योजना मार्फत यो मूल्याङ्कन पद्धतिको सस्थागत विकास भएको हो । शिक्षाका योजना तथा परियोजनाहरू जस्तै - माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सबैका लागि शिक्षा कार्यक्रम, सामुदायिक क्षमता अभिवृद्धि कार्यक्रम आदिले पनि निरन्तर विद्यार्थी  मूल्याङ्कन पद्धतिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन हुदै आएको अवस्थामा यसलाई अझ बढी संस्थागत गर्ने उद्देश्यबाट प्राथमिक शिक्षा पाठ्यक्रम, आधारभूत  तह (कक्षा ६ - ८ ) पाठ्यक्रम, माध्यमिक शिक्षा पाठ्यक्रमले पनि यो अवधारणा अनुसार विद्यार्थीको मूल्याङ्कन गर्न प्रस्ताव गरेको छ । हाल कार्यान्वयनमा रहेका त्रीवर्षीय योजनाले पनि निरन्तर विद्यार्थी  मूल्याङ्कनलाई जोड दिने नीतिगत प्रवन्ध गरेको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम (२००९) ले पनि निरन्तर विद्यार्थी  मूल्याङ्कनलाई कक्षा ७ सम्म उपचारात्मक शिक्षण मार्फत सिकाइको सुनिश्चित गरी कार्यान्वयन गर्ने नीति लिएको छ ।

प्रस्तुत अध्ययनमा नमूना छनौटमा परेका ६ वटा विद्यालयहरूको स्वयम विद्यालयहरूमा भ्रमण गरी अध्ययन क्षेत्रका प्राथमिक तहका (१-५) शिक्षकहरूसँग

छलफल तथा प्रश्नोतर गरी निरन्तर विद्यार्थी मूल्याङ्कनको अवस्था बारे तथ्याङ्क सङ्कलन गर्दा प्राय शिक्षकहरूले विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन गर्दा अवलोकन विधि , लिखित परीक्षा र कार्य सञ्चयिकाको प्रयोग गरिएको पाईएको छ । त्यसपछि सहपाठी छलफल , आत्म मूल्याङ्कन र प्रश्नोतर विधि पनि प्रयोग गर्ने गरेको बताएका छन । रेजा द्वारा नै विद्यार्थी मूल्याङ्कनको अभिलेख राख्ने गरेको र निरन्तर मूल्याङ्कनका ५ वटा मापदण्डहरू कक्षा कार्य , गृहकार्य , हाजिरी , व्यवहार परिवर्तन र सिर्जनात्मक कार्य प्रयोग गरी नियमित रुपमा मूल्याङ्कन गरी अधिलेख राख्ने गरेको , विद्यार्थीको स्तर अनुसार समूह विभाजन गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिएको पाईएको छ । शिक्षकहरूले निरन्तर मूल्याङ्कनलाई प्रभावकारी बनाउन धेरैले सुधारात्मक शिक्षण गर्ने , पूर्व ज्ञानमा आधारित शिक्षण गर्ने आदि उपाय अपनाउने गरेको देखिएको छ । अभिभावकहरूलाई आ-आफ्ना बालबालिकाहरूको परीक्षा नतिजा अध्ययन गर्न दिएको देखिन्छ । तर कतिपय विद्यालयहरूमा निरन्तर मूल्याङ्कन सम्बन्धी प्रर्याप्त सामाग्री उपलब्ध नगराइएकोले शिक्षकहरूमा अन्यौलको वातावरण सिर्जना भएको , तथा ४५ मिनेटको समयमा ३० जना भन्दा बढी विद्यार्थीको मूल्याङ्कन गर्न कठिन भएको कुरा पनि शिक्षकहरूबाट व्यक्त गरिएकोपाइयो ।

प्रस्तुत अध्ययनमा टाघनडुब्बा श्रोतकेन्द्र अर्न्तगतका ६ वाट विद्यालयहरूलाई नमूनाको रुपमा छनौट गरी प्रत्येक विद्यालयबाट प्र.अ., शिक्षकहरू, व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी र श्रोतव्यक्तिलाई नमूना जनसंख्याको रुपमा छनौट गरी खुल्ला तथा बन्द प्रश्नावली आधारमा अनुसन्धानात्मक अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयमा विद्यालयहरू, व्यवस्थापन समितिका अध्यक्षहरू, प्र.अ.हरू, शिक्षकहरू , अभिभावकहरू र विद्यार्थीहरूले आ-आफ्नो भूमिका इमान्दारीतापूर्वक प्रयोग गरेको नै देखाइएको छ । यदपी यस पद्धतिको सवालमा व्यवस्थापन समिति, अभिभावकवर्ग र विद्यार्थीहरूलाई त्यति जानकारी गराएको देखिदैन । धेरैजसो सरोकारवालाहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनमा सकरात्मक भूमिका निर्वाह नदेखाएको पनि अवस्था अध्ययनबाट प्राप्त भएको छ । नमूना छनौटमा परेका विद्यालयका विद्यार्थीको नतिजा अध्ययन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पश्चात नतिजामा सुधार भएको देखिन्छ ।

त्यस्तै विद्यार्थीहरूको हाजिरी विवरण, उपस्थित विवरण, गृहकार्य,कक्षा कार्य, परियोजना कार्य आदिको विश्लेषण गर्दा क्रमश यस तर्फ सुधार हुदै गएको पाइयो।

प्रस्तुत अध्ययनमा कतिपय विद्यालयका प्र.अ. तथा शिक्षकहरूले यस निरन्तर विद्यार्थी  मूल्याङ्कनको कार्यान्वयनमा विविध समस्याहरू पनि औल्याएको पाइयो। साथै ती समस्याहरू समाधानका उपायहरू पनि पहिल्याउने काम भएको छ । यस पद्धतिलाई अभm प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि श्रोतकेन्द्र तहमा यस मूल्याङ्कन पद्धति सम्बन्धी नीति नियम बनाई पुरस्कार र दण्डको व्यवस्था गरी लागू गर्नुपर्ने देखिन्छ । विगत ३/४ वर्ष देखि यो मूल्याङ्कन पद्धतिको प्रयोग यस क्षेत्रका विद्यालयहरूमा भएता पनि अझै पनि कतिपय विद्यालयहरूमा यस मूल्याङ्कन पद्धति बारे व्यवस्थापन समिति, अभिभावक वर्ग र विद्यार्थी वर्गहरू अनभिज्ञ देखेको पाइयो।

यस अध्ययनमा प्राथमिक तहमा देखिने समस्याहरू जस्तै - न्यून सिकाइ उपलब्धि, विद्यालयमा कम विद्यार्थी उपस्थिती, टिफिन पछि भाग्ने समस्या , कक्षाकोठामा विद्यार्थीहरूको सक्रियताको अभाव हुनु आदि समस्याहरू भोग्दै आएकोमा यो मूल्याङ्कन पद्धति प्रयोगमा आए पश्चात यी माथिका समस्याहरूमा निकै सुधार पाइयो। यो निरन्तर विद्यार्थी  मूल्याङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन शिक्षकको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । यदपी प्रस्तुत अध्ययनले यस निरन्तर विद्यार्थी  मूल्याङ्कनलाई कतिपय शिक्षकहरूले बोझको लिएको हुनाले यस्तो संकुचित मानसिकतालाई हटाई शिक्षकहरू अलि फराकिलो दृष्टिबाट यसलाई प्रयोगमा ल्याउन जरुरी देखिन्छ । यस अध्ययनका अनुसार सबै विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा पोर्टफोलियो अधावधिक गरी राख्ने गरेको पाइयो।

यसरी यस अध्ययनमा सामुदायिक विद्यालयहरू मध्ये प्राथमिक तहका विद्यालयमा निरन्तर मूल्याङ्कनको अवस्था , ती विद्यालयहरूले निरन्तर मूल्याङ्कनको कार्यान्वयनको क्रममा झेल्नु परेका समस्याहरू र ती समस्या समाधानका प्रभावकारी उपायहरू पहिल्याई निरन्तर मूल्याङ्कनको पोर्टफोलियो व्यवस्थापन, अभिलेख व्यवस्थापन र उपचारात्मक शिक्षणमा जोड दिने प्रयास गरिएको छ ।

## ५.२ सुझाव

यस अध्ययनको क्रममा ६ वटा सामुदायिक विद्यालयहरूमा निरन्तर मूल्याङ्कनको अवस्था बारे स्थलगत अध्ययन गर्दा ती विद्यालयहरू बाट प्राप्त

तथ्याङ्क , सुचना तथा छलफल र अन्तर्वार्ताको निचोडलाई केलाउदा प्राय सबै विद्यालयको प्रा.वि. तहमा निरन्तर मूल्याङ्कनको कार्यान्वयन भएको देखिएता पनि यसलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न निरन्तर मूल्याङ्कनका लागि शिक्षक पूर्ण रुपमा तयार रहन पर्ने र प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवार हुन आवश्यक छ । वर्तमान समयमा विगत केहि वर्ष अगाडी देखि नै सामुदायिक विद्यालयहरूमा निरन्तर विद्यार्थीृ मूल्याङ्कनको प्रयोग भए तापनि यसको कार्यान्वयन पक्ष कमजोर रहेको र यसको प्रभावकारी कार्यान्वयनका लागि निकै सुधारहरू गर्न आवश्यक देखिन्छ ।

### ५.२.१ नीतिगत तह

निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनका गर्नका लागिनीति निर्माण गर्ने तहदेखि नै पहल गरीनु पर्दछ । यसका लागि पाठ्यक्रम विकास केन्द्रले ठोस नीतिहरू निर्माण गरी सबै सामुदायिक विद्यालयहरूमा लागू गरेको छ । यसैले यस निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनका लागि सर्वप्रथम निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन सम्बन्धी ऐन, नियम र नियमावलीमा केहि सुधार गर्न आवश्यक छ । केन्द्रमा निरन्तर मूल्याङ्कन सम्बन्धी नीति निर्माण भएता पनि विद्यालयहरूमा निरन्तर मूल्याङ्कनको प्रयोग भए / नभएको बारे नियमित रुपमा अनुगमन र निरीक्षण नहुने देखिएकाले यस सम्बन्धी स्पष्ट उल्लेख हुनुपर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी रुपमा प्रयोग गर्ने विद्यालय तथा शिक्षकलाई पुरस्कार र दण्डको व्यवस्था गरी लागू गर्नुपर्ने देखिन्छ । जिल्ला शिक्षा कार्यालय, शैक्षिक तालिम केन्द्र र श्रोतकेन्द्रबाट नियमित रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम, अभिमुखीकरण तालिम, कार्यशाला, गोष्ठी, सेमिनार आदि सञ्चालन हुनुपर्दछ । कतिपय विकट क्षेत्रको ग्रामीण हिमाली भेगमा रहेका विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी नीति, नियम र जानकारीहरू पुग्न सकेको हुँदैन । यस तर्फ विशेष रुपमा ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । विद्यार्थीहरूको चाँप अत्याधिक भएका विद्यालयहरूमा विद्यार्थी अनुपातमा शिक्षक दरबन्दिको व्यवस्था गरी कम विद्यार्थी भएका विद्यालयहरूमा शिक्षक सख्या कटौती गरी निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि सहज वातावरण बनाउनु पर्दछ । विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई

सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि श्रोतकेन्द्र र विद्यालय तहमै केही अनौपचारीक नीति निर्माण पनि गर्न आवश्यक देखिन्छ ।

**५.२.२ कार्यान्वयन तह**

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको सफल एवम् प्रभावकारी कार्यान्वयनका लागि कार्यान्वयन तहमा समेत कमी कमजोरीहरू देखिएको हुनाले यसको कार्यान्वयन तहमा समेत सुधार गर्न जरुरी देखिन्छ । निरन्तर मूल्याङ्कनको सफल प्रयोगका लागि सन्दर्भ सामाग्रीको खोज गरी अध्ययन अध्यापन गर्नुपर्ने, सेमिनार गोष्ठी गरी सरोकारवाला बिच निरन्तर मूल्याङ्कन सम्बन्धी स्पष्ट हुनुपर्ने, विद्यालयलाई सुविधा सम्पन्न बनाउनु पर्ने र इमान्दारी पूर्वक निरन्तर मूल्याङ्कनको सम्बन्धमा गरेका निर्णयहरूलाई लागू गर्नुपर्ने देखिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयले शैक्षिक सत्रको शुरुमै व्यवस्थापन समिति, शिक्षक र श्रोतव्यक्तिको समेत उपस्थितीमा निरन्तर मूल्याङ्कन सम्बन्धी गोष्ठी राखी विस्तृत रुपमा छलफल गरीनु पर्दछ । प्रत्येक शिक्षकले शिक्षण सुधार योजना तयार गरी विद्यार्थीहरूको विषयगत सिकाइ उपलब्धिमा भएको सुधारलाई अधावधिक गरी सबै अभिभावकहरूलाई जानकारी गराउनु पर्दछ । निरन्तर मूल्याङ्कनका लागि आवश्यक चाहिने सामाग्रीहरू विद्यालय प्रशासनले समयमै प्रत्येक शिक्षकलाई उपलब्ध गराईनु पर्दछ । शिक्षकहरूले निरन्तर मूल्याङ्कन सम्बन्धी गरेको कार्यहरूलाई विद्यालयका प्र.अ. र श्रोतव्यक्तिबाट नियमित रुपमा अनुगमन, निरीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुपर्दछ । विद्यार्थीहरूबाट तयार गरिएका परियोजना कार्य तथा मुख्य मुख्य लिखित कार्यहरू कार्यसञ्चयीकामा अभिलेखन गरी राखिनुपर्दछ । निरन्तर मूल्याङ्कन सम्बन्धी शिक्षकहरूलाई थप ज्ञान, सीप र दक्षता हासिल गराउन विद्यालयले योजना बनाई शिक्षकहरूलाई तालिम, गोष्ठी र सेमिनारमा पठाउनु पर्दछ । साथै शिक्षकले तालिममा सिकेका कुरा विद्यालयमा सबै शिक्षकहरूलाई जानकारी गराउन आवश्यक वातावरण निर्माण गरिनुपर्दछ । निरन्तर मूल्याङ्कनमा संलग्न सबै शिक्षकहरूले इमान्दारिपूर्वक कक्षामा निरन्तर मूल्याङ्कनका ५ वटा मापदण्डहरू - गृहकार्य, हाजिरी, कक्षा कार्य, परियोजना कार्य र व्यवहार परिवर्तनलाई कक्षामा दैनिक रुपमा लागू गरी विद्यार्थीहरूलाई आवश्यक पृष्ठपोषण दिनुपर्दछ ।

### ५.२.३ सरोकारवालालाई सुझाव

अझै पनि निरन्तर मूल्याङ्कनलाई सफल पार्न यसमा आबद्ध सरोकारवालाको समस्या हल गर्न आवश्यक छ । वर्तमान समयमा अझै पनि यस निरन्तर मूल्याङ्कनको सम्बन्धमा विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थीहरू अनभिज्ञ र उदासिन रहेको देखिन्छ । कतिपय सामुदायिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षलाई समेत यस पद्धति बारे जानकारी नभएको पाइन्छ । यसका लागि व्यवस्थापन समिति, शिक्षक, अभिभावक र विद्यार्थीहरू बीच समय समयमा छलफल , अर्न्तक्रिया र गोष्ठिको व्यवस्था गर्नुपर्ने देखिन्छ । निरन्तर मूल्याङ्कनको बारेमा अभिभावक वर्गलाई स्पष्ट रुपमा जानकारी गराई यसको सफल र प्रभावकारी कार्यान्वयनका लागि विद्यालयसँग सरोकार राख्ने सबै पक्षलाई सक्रिय भूमिका निर्वाह गर्न उत्प्रेरित गर्नुपर्दछ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी कार्यक्रम कम्तिमा महिनामा एक पटक प्रधानाध्यापकको अगुवाईमा गर्नु पर्ने देखिन्छ । विद्यालयमा कक्षा व्यवस्थापन, आवश्यक फर्निचर, निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेख पुस्तिकाहरू, पोर्टफोलियोका फायलहरू आदि आवश्यक व्यवस्थापन प्रधानाध्यापकले शैक्षिक सत्रको शुरुमै गर्नुपर्छ । प्र.अ.ले शिक्षकहरूबाट सञ्चालन गरिएका कक्षाहरू तथा ती शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तयार गरेका अभिलेखहरू नियमित रुपमा निरीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुपर्छ ।

कक्षा शिक्षकले पनि आफ्ना विद्यार्थीहरूको नियमित उपस्थिती भए नभएको, गृहकार्य गरे नगरेको, कक्षाकार्यमा सक्रियता देखाएको नदेखाएको, टिफिन पछि भाग्ने गरको नगरेको आदि कुराहरूमा अध्ययन गरी ती विद्यार्थीहरूका अभिभावकहरूलाई जानकारी गराउनु पर्दछ । शिक्षक सधै अभिभावकहरूको सम्पर्क सही तिनीहरूका विद्यार्थीहरूको अवस्था बारे जानकारी गराउनु पर्दछ ।

## सन्दर्भ सामग्रीहरू


आ.प्रा.शि.प. (२०३८) *विद्यालय सुपरिवेक्षण प्रयोग सामग्री,* सानोठिमी, भक्तपुर ।

खनाल, निलमणी (२०६८), *निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले प्राथमिक विद्यार्थीको नियमिततामा पारेको प्रभाव,* स्नातकोतरअप्रकाशित शोधपत्र,कन्काई बहुमुखी क्याम्पस, सुरुङ्गा

खनाल, पेशल, (२०६५) *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाण्डौ, सालनइट पब्लिकेशन

पाठ्यक्रम विकास केन्द्र (२०६७) *निरन्तर विद्यार्थी मूल्याङकन निर्देशिका,* सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र, (२०६७), *निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वियन निर्देशिका,* सानोठिमी, भक्तपुर ।

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५, नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, भक्तपुर ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६५) *पाठयक्रम योजना र अभ्यास,* एम.के.पब्लियर्स एण्ड डिष्ट्रिब्युटर्स

शिक्षा मन्त्रालय,(२०५५),*उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन* काठमाण्डौ, लेखक

शिक्षा मन्त्रालय (२०६७–२०७२), *विद्यालय सुधार योजना,* केशरमहल काठमाण्डौ , लेखक

शिक्षा तथा खेलकूद मन्त्रालय (सन २००३), *सबैका लागि शिक्षा,* केशमहल, काठमाण्डौ, लेखक

Black T and William D (1998 ) *Assesment of Education*l निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका, २०७०

# प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन

## अनुसूची १

## प्र.अ.का लागि प्रश्नावली

१. तपाईको विद्यालयमा कति सालदेखि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू भएको हो ?

..........................................................................................

..........................................................................................

२. तपाईको विद्यालयमा कति कक्षा सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू भएको छ ?

..........................................................................................

..........................................................................................

३. तपाईको विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनको अवस्था कस्तो रहेको छ ?

..........................................................................................

..........................................................................................

४. तपाईको विद्यालयमा  निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोगमा देखिएका समस्याहरु के के छन ?

..........................................................................................

..........................................................................................

५. तपाईको विद्यालयमा निरन्तर विद्यार्थी पद्धतिलाई प्रभावकारी बनाउन के के योजना बनाउनु भएको छ ?

..........................................................................................

..........................................................................................

६. तपाईका विद्यालयमा विद्यार्थीहरुको मूल्याङ्कन गर्ने क्रममा के के मापदण्डहरु अपनाइएका छन ?

..........................................................................................

..........................................................................................

७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका कार्यान्वयनले विद्यार्थीहरको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ?

..............................................................................................

..............................................................................................

८. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनले अन्य के के पक्षमा प्रभाव पारेको छ ?

..............................................................................................

..............................................................................................

९. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अभिलेखन कुन कुन पक्षबाट अनुगमन हुने गरिएको छ ?

..............................................................................................

..............................................................................................

१०. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको बारेमा तपाईको आफनो विचार के रहेको छ ?

..............................................................................................

..............................................................................................

# प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन

## अनुसूची २

## शिक्षकका लागि प्रश्नावली

१. तपाईले कुन कक्षाको कुन विषयको निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख तयार गर्ने गर्नु भएको छ ?

..........................................................................................

..........................................................................................

२. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने क्रममा तपाईले भोग्नु परेका समस्या के के छन ?

..........................................................................................

..........................................................................................

३. निरन्तर विद्यार्थी मूल्याङ्कनले तपाइको कक्षामा विद्यार्थीहरुको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ?

..........................................................................................

..........................................................................................

४. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले तपाइको कक्षामा अन्य के के पक्षमा प्रभाव पारेको छ ?

..........................................................................................

..........................................................................................

५. तपाईले निरन्तर मूल्याङ्कनका लागि के केआधारहरु बनाउनु भएको छ ?

..........................................................................................

..........................................................................................

६. तपाईले निरन्तर मूल्याङ्क सम्बन्धीगरेको कार्यको कुन कुन पक्षबाट अनुगमन निरिक्षण हुने गरेको छ ?

..........................................................................................

..........................................................................................

७. तपाईले निरन्तर मूल्याङ्कन सम्बन्धीअभिलेख कुन समयमा तयार गर्ने गर्नु भएको छ ?

...............................................................................................

...............................................................................................

८. तापईको विद्यालयमा  निरन्तर मूल्याङ्कन सम्बन्धीअन्य सहपाठीहरुसँग के कस्तो छलफल हुने गर्दछ ?

...............................................................................................

...............................................................................................

९. निरन्तर मूल्याङ्कन पणालीलाइृ अफ्र प्रभावकारी बनाउन तपाईको के गर्नुपर्ला ?

...............................................................................................

...............................................................................................

१०. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको बारेमा तपाईको आफनो विचार के रहेको छ ?

...............................................................................................

...............................................................................................

# प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन

## अनुसूची ३

## विद्यार्थीका लागि प्रश्नावली

१. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको बारेमा तपाईलाई के थाहा छ ?

...........................................................................................

...........................................................................................

२. शिक्षकले तपाईहरुको सबैदिन मूल्याङ्कन गरेर रेकर्ड राख्नुहुन्छ, यस बारेमा तपाईहरुलाई कतिको थाहा छ ?

...........................................................................................

...........................................................................................

३. शिक्षकले निरन्तर मूल्याङ्कन गर्ने क्रममा विशेष गरि तपाईहरुको कुन कुन पक्षको मूल्याङ्कन गर्नुहुन्छ, यस बारेमा थाहा छ ?

...........................................................................................

...........................................................................................

४. तपाईको विद्यालयमा कति कक्षा सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन लागू भएको छ ?

...........................................................................................

...........................................................................................

५. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नु राम्रो हो कि होइन ?

...........................................................................................

...........................................................................................

६. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा तपाईहरुको पढाईमा कतिको सुधार भएको छ ?

...........................................................................................

...........................................................................................

७. निरन्तर विद्यार्थी मूल्याङ्कनको बारेमा तपाईहरुका शिक्षकहरुले के कति जानकारी दिनुहुन्छ ?

...........................................................................................

८. सरले कतिको गृहकार्य दिने र जाचँ गर्ने गर्नुहुन्छ ?

.......................................................................................................

.......................................................................................................

९. कुन कुन विषयको निरन्तर विद्यार्थी मूल्याङ्कन हुन्छ ?

.......................................................................................................

.......................................................................................................

१०. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको बारेमा तपाईको आफनो विचार के रहेको छ ?

.......................................................................................................

.......................................................................................................

# प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन

## अनुसूची ४

## अध्यक्षका लागि प्रश्नावली

१. तपाईको विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू भएको कुरा के कति थाहा छ ?

..........................................................................................

..........................................................................................

२. तपाईको विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले के के पक्षमा प्रभाव पारेको छ ?

..........................................................................................

..........................................................................................

३. तपाईको विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्यनमा के कस्ता समस्याहरु रहेका छन ?

..........................................................................................

..........................................................................................

४. तपाईको विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्यनमा रहेका समस्याहरु समाधानका लागि के कस्ता पहल गर्नुभएको छ ?

..........................................................................................

..........................................................................................

५. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको बारेमा तपाईको आफनो विचार के रहेको छ ?

..........................................................................................

..........................................................................................

# प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन

## अनुसूची ५

## स्रोत व्यक्तिका लागि प्रश्नावली

१. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली विद्यालयहरुमा कतिको प्रभावकारी रुपमा लागू भएको छ ?

.............................................................................................

.............................................................................................

२. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सम्बन्धी वर्तमान समयमा के कस्ता समस्याहरु रहेका छन ?

.............................................................................................

.............................................................................................

३. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सम्बन्धी देखा परेका समस्याहरु समाधानका लागि के कस्ता पहलहरु भईरहेको छ ?

.............................................................................................

.............................................................................................

४. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अझ प्रभावकारी रुपमा लागू गर्न के कस्ता कदमहरु चाल्न आवश्यक छ ?

.............................................................................................

.............................................................................................

५. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको तपाईको आफनो धारणा के रहेको छ ?

.............................................................................................

.............................................................................................

# प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन

## अनुसूची ६

## अध्ययन क्षेत्रको नमूना जनसंख्या र विद्यालयको विवरण

| क्र | नाम | पद | विद्यालय |
|---|---|---|---|
| १ | मदन कुमार राजबशी | प्र.अ. | श्री कुवाडीदेवी मा.वि.कुमरखोद |
| २ | मुकेश कुमार कर्ण | शिक्षक | श्री कुवाडीदेवी मा.वि.कुमरखोद |
| ३ | चन्द्र बहादुर आचार्य | अध्यक्ष | श्री कुवाडीदेवी मा.वि.कुमरखोद |
| ४ | मिलन सापकोटा | विद्यार्थी | श्री कुवाडीदेवी मा.वि.कुमरखोद |
| ५ | सीताराम यादव | प्र.अ. | श्री त्रिभुवन प्रा.वि. कुमरखोद |
| ६ | लक्ष्मी कुमारी गणेश | शिक्षक | श्री त्रिभुवन प्रा.वि. कुमरखोद |
| ७ | सुरज कोच | विद्यार्थी | श्री त्रिभुवन प्रा.वि. कुमरखोद |
| ८ | अनन्त प्रसाद कोच | अध्यक्ष | श्री त्रिभुवन प्रा.वि. कुमरखोद |
| ९ | भगदेव राजबशी | प्र.अ. | श्री डिल्लीराज उच्च मा.वि.टाघनडुब्बा |
| १० | भारती मल्लिक | शिक्षक | श्री डिल्लीराज उच्च मा.वि.टाघनडुब्बा |
| ११ | माधव कुमार गणेश | विद्यार्थी | श्री डिल्लीराज उच्च मा.वि.टाघनडुब्बा |
| १२ | नगेन्द्र प्रसाद गणेश | अध्यक्ष | श्री डिल्लीराज उच्च मा.वि.टाघनडुब्बा |
| १३ | सुन्दर बेश्रा | प्र.अ. | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा |
| १४ | जमूना खत्री | शिक्षक | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा |
| १५ | सीता बजगाई | विद्यार्थी | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा |
| १६ | सीताराम गणेश | अध्यक्ष | श्री जगदम्बा प्रा.वि. टाघनडुब्बा |
| १७ | ह्रेम शर्मा | प्र.अ. | श्री स्वस्थानी प्रा.वि. टाघनडुब्बा |
| १८ | लक्ष्मी प्रसाद गणेश | शिक्षक | श्री स्वस्थानी प्रा.वि. टाघनडुब्बा |
| १९ | सृजना प्रसाई | विद्यार्थी | श्री स्वस्थानी प्रा.वि. टाघनडुब्बा |
| २० | कृष्ण प्रसाद गणेश | अध्यक्ष | श्री स्वस्थानी प्रा.वि. टाघनडुब्बा |
| २१ | भीम प्रसाद गणेश | प्र.अ. | श्री महेन्द्र वि.मा.वि.शरणामती |
| २२ | ओम प्रकास चौधरी | शिक्षक | श्री महेन्द्र वि.मा.वि.शरणामती |
| २३ | कृष्ण प्रसाद राजबशी | अध्यक्ष | श्री महेन्द्र वि.मा.वि.शरणामती |
| २४ | लखन चौधरी | विद्यार्थी | श्री महेन्द्र वि.मा.वि.शरणामती |
| २५ | मेदनी प्रसाद पाठक | श्रोतव्यक्ति | श्री टाघनडुब्बा श्रोतकेन्द्र |

# प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन

## अनुसूची ७

## अध्ययनका लागि नमूना छनौटमा परेका विद्यालयहरु

| क.स. | विद्यालयको नाम | ठेगाना | स्थापना |
|---|---|---|---|
| १ | श्री कुवाडीदेवी मा.वि. | कुमरखोद ७ झापा | २०२५ साल |
| २ | श्री महेन्द्र वि.मा.वि. | शरणामती १ झापा | २०२५ साल |
| ३ | श्री स्वस्थानी प्रा.वि. | टाघनडुब्बा १ झापा | २०३२ साल |
| ४ | श्री त्रिभुवन प्रा.वि. | कुमरखोद १ झापा | २०२० साल |
| ५ | श्री डिल्लीराज उच्च मा.वि. | टाघनडुब्बा ३ झापा | २०२० साल |
| ६ | श्री जगदम्बा प्रा.वि. | टाघनडुब्बा ४ झापा | २०२८ साल |

# प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन

## अनुसूची ८

## मासिक शिक्षण योजना

१. साल ..............२. महिना ............ ३.यो महिनामा विद्यालय खुलेको दिन .....

४.पठन पाठन भएको दिन ............ ५.घण्टी सख्या ...........

६.शिक्षकको नाम ...............................७.कक्षा .........

८.शिक्षण व्यवस्था ..........................

| क.स. | यस महिनामा हासिल गराउनु पर्ने सिकाइ उपलब्धिहरु | सिकाइ उपलब्धि हासिल गराउन सञ्चालन गरिने सिकाइ क्रियाकलाप | सिकाइ उपलब्धि क्रमिक रुपमा हासिल भए नभएको हेर्ने मूल्याङ्कन आधार |
|---|---|---|---|
| | | | |

# प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन

## अनुसूची ९

## सरोकारवालाको भूमिका पहिचान गरिएको विवरण

| सरोकारवाला | अपेक्षित भूमिका |
|---|---|
| विद्यालय नेतृत्व (प्रधानाध्यापक) | - सहजकारी वातावरण सिर्जना गर्ने,<br>- शैक्षणिक योजना अनुसारको शिक्षण सिकाइ क्रियाकलापको अनुगमन र सुपरिवेक्षण गर्ने ,<br>- सुधार, छलफल र सिर्जनात्मक कार्यका लागि शिक्षकलाई प्रोत्साहित गर्ने,<br>- मूल्याङ्कन नतिजा विश्लेषण र त्यसको शैक्षणिक उपयोगका लागि पहल गर्ने,<br>- शैक्षणिक नेतृत्व बहन गर्ने,<br>- उपलब्ध स्रोतको उच्चतम उपयोग गरी बाल केन्द्रित<br>निरन्तर मूल्याङ्कनमा आधारित शिक्षण सिकाइका लागि प्रोत्साहित गर्ने,<br>- निरन्तर विद्यार्थी मूल्याङ्कन रणनीति विकास गरी कार्यान्वयनमा ल्याउने,<br>- सकारात्मक व्यवहार प्रदर्शन गर्ने,<br>- विद्यालयमा, सिकाइमा सहजीकरण गर्न अभिभावकको भूमिका निर्वाह गर्ने । |
| शिक्षक | - सिकारुको पूर्व ज्ञानको अवस्था पहिचान गर्ने,<br>- सिकारुको सिकाइ समस्या, प्रगति आदिको अवस्था पहिचान गरी अभिलेखन गर्ने,<br>- सिकारुलाई शिक्षण सिकाइ क्रियाकलापप्रति आर्कषित गर्ने,<br>- मूल्याङ्कन नतिजा विश्लेषण गर्ने,<br>- निरन्तर रुपमा सिकारु र तिनका अभिभावकलाई सिकाइको अवस्था , प्रगति, समस्या, थप परामर्श तथा सहयोग गर्ने क्षेत्र आदिका बारेमा सूचना गर्ने,<br>- सिकारुका सिर्जनात्मक कार्यहरु अभिलेख गर्ने, |
| अभिभावक | - सिकाइमा सरिक हुने, |

| | |
|---|---|
| | - बालबालिकाहरुले सिके वा सिकेनन्, सो को नियमित रुपमा सोधपुछ गर्ने, अनुगमन गर्ने,<br>- विद्यालयका गतिविधिमा सरिक हुने,<br>- घरमा बालबालिकालाई आवश्यक सिकाइ वातावरण प्रदान गर्ने,<br>- बालबालिकालाई सिकाइका लागि मद्दत गर्ने,<br>- विद्यालयमा हुने हरेक कार्यक्रममा साझेदारी र सहकार्यका लागि तयार हुने । |
| विद्यार्थी | - सिकाइ प्रति सक्रिय हुने,<br>- कक्षाकोठामा हुने सबै प्रकारका शैक्षिक गतिविधिमा सहभागी हुने ,<br>- कक्षाकार्य , गृहकार्य , समुदायमा आधारित कार्य आदिमा सक्रिय हुने,<br>- आफना सिकाइ समस्या स्पष्ट रुपमा शिक्षक समक्ष प्रस्तुत गर्ने,<br>- नया नया सिर्जनात्मक कार्यमा सहभागी हुने,<br>- सहकार्य, समूह कार्य जस्ता क्रियाकलापमा सक्रिय रुपमा सहभागी हुने,<br>- सिकाइका लागि स्व.सिकाइ, सहपाठी छलफल जस्ता क्रियाकलापमा सहभागी हुने,<br>- उच्च शैक्षिक उपलब्धिको अपेक्षा लिने । |
| जिल्ला शिक्षा कार्यालय | - सिकाइको नियमित अनुगमन गर्ने,<br>- सिकाइ समस्यामा पृष्ठपोषण प्रदान गर्न सहजीकरण गर्ने,<br>- जिल्लागत रुपमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रवर्द्धनका लागि नमूना कार्यक्रम सञ्चालन गर्ने,<br>- नतिजाका आधारमा विकास कार्यक्रम प्रदान गर्ने रणनीति लिने,<br>- थप प्रोत्साहनका कार्यक्रम विकास गरी कार्यान्वयन गर्ने । |

## प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन

### अनुसूची १०

### निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फारम

(मूल्याङ्कन मापदण्डका आधारमा रेजा लगाउने)

कक्षा -........... विषय -..................... शैक्षिक सत्र -...................

| क्र | विद्यार्थीको नाम | पाठ | पाठ | पाठ | पाठ | पाठ | पाठ | पाठ | पाठ |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

कक्षा शिक्षक ........................ प्र.अ.को

हस्ताक्षर

# प्राथमिक तहमा निरन्तर विद्‍यार्थी मूल्याङ्कन कार्यान्वयन

## अनुसूची ११

## विद्यार्थी प्रगति विवरण

शैक्षिक सत्र ..................

विद्यालयको नाम श्री .........................................................

विद्यार्थीको नाम ....................................... कक्षा .........   रोल न. ...........

<table>
<tr><td rowspan="3">विषय</td><td colspan="3">निरन्तर विद्यार्थी मूल्याङ्कन श्रेणी (क,ख,ग )</td><td colspan="6">आवधिक उपलब्धिस्तर (लिखित तथा मौखिक परीक्षाको आधारमा अङ्क दिने । तर यो अङ्क कक्षा उतीर्णका लागि नभएर विद्यार्थीको प्रगति अभिलेख र प्रगति प्रतिवेदनका लागि मात्र हुनेछ ।)</td><td rowspan="3">जम्मा</td></tr>
<tr><td rowspan="2">प्रथम त्रैमासिक</td><td rowspan="2">दोस्रो त्रैमासिक</td><td rowspan="2">वर्षिक त्रैमासिक</td><td colspan="2">प्रथम त्रैमासिक</td><td colspan="2">दोस्रो त्रैमासिक</td><td colspan="2">वार्षिक परीक्षा</td></tr>
<tr><td>पूर्णाङ्क</td><td>प्रा.</td><td>पूर्णाङ्क</td><td>प्रा.</td><td>पूर्णाङ्क</td><td>प्रा.</td></tr>
<tr><td>१</td><td>नेपाली</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>अङ्ग्रेजी</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>गणित</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td>सामाजिक अध्ययन</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td>विज्ञान</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td>स्थानीय</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

कक्षा शिक्षक .......................                                        प्र.अ.को दस्तखत

## अनुसूची १२

### निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेख प्रक्रिया

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाको मुख्य उदेश्य पठनपाठनसँगै विद्यार्थीहरुको सिकाइको स्तर पता लगाई कम सिकेका विद्यार्थीहरुका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रुपमा विशेष ध्यान दिई सिक्न प्रोत्साहन गर्नु हो । यस मूल्याङ्कन प्रक्रियामा निम्नानुसार विद्यार्थीहरुको प्रगति अभिलेख राख्नुपर्दछ ।

१. पाठगत आधारमा विद्यार्थीले कक्षामा सिकेका कुरालाई दिईएको फारममा तोकिएका मापदण्डका आधारमा एक देखि तीनवटा सम्म रेजा (√ ) चिह्न लगाउने ।

२. अति उतम सिकेकालाई तीनवटा रेजा (√√√ ), उतम सिकेका लाई दुईवटा रेजा (√√) र सामान्य सिकेकोलाई एउटा रेजा (√) दिने ।

३. प्रत्येक पाठमा रेजा दिनका लागि निम्नलिखित मापदण्डलाई आधार मान्ने :

| क.स. | मापदण्ड | अति उतम | उतम | सामान्य |
|---|---|---|---|---|
| १. | कक्षाकार्य | √√√ | √√ | √ |
| २. | परियोजना कार्य | √√√ | √√ | √ |
| ३. | व्यवहार परिवर्तन | √√√ | √√ | √ |
| ४. | सिर्जनात्मक कार्य | √√√ | √√ | √ |
| ५. | हाजिरी | √√√ | √√ | √ |

४. पाठगत आधारमा रेजा दिइसकेपछि हरेक त्रैमासिकमा रेजाका आधारमा विद्यार्थीहरुलाई निम्नलिखित तरिकाले क , ख , ग श्रेणीमा छुट्‌याउने ।

- ७० प्रतिशतदेखि १०० प्रतिशतसम्म - क श्रेणी
- ४० प्रतिशत देखि ७० प्रतिशतसम्म - ख श्रेणी
- ४० भन्दा तल - ग श्रेणी

५. पाठगत रेजाहरुको प्रतिशत निकाल्ने तरिका :

सूत्र - रेजा प्रतिशत = विद्यार्थीले पाएको जम्मा रेजा / जम्मा पढाइ भएको पाठ X ५X ३ X १००